# महालेखापरीक्षकको
# पाँचौं वार्षिक प्रतिवेदन
# २०७९

## भगवतीमाई गाउँपालिका
## दैलेख





**महालेखापरीक्षकको कार्यालय**

**काठमाडौं, नेपाल**

# महालेखापरीक्षकको
# पाँचौं वार्षिक प्रतिवेदन
## २०७९

## भगवतीमाई गाउँपालिका
### दैलेख




**महालेखापरीक्षकको कार्यालय**

**काठमाडौं, नेपाल**

# महालेखापरीक्षकको
# पाँचौं वार्षिक प्रतिवेदन
# २०७९

## भगवतीमाई गाउँपालिका

## दैलेख

**महालेखापरीक्षकको कार्यालय**

काठमाडौं, नेपाल

## दूरदृष्टि (VISION)

जवाफदेहिता, पारदर्शिता र निष्ठा प्रवर्द्धन गर्ने विश्वसनीय संस्था

*(Be Credible Institution in Promoting Accountability, Transparency and Integrity)*

## गन्तव्य (MISSION)

राष्ट्रलाई स्वतन्त्र एवं गुणस्तरीय लेखापरीक्षण सेवा प्रदान गर्ने

*(Provide independent and Quality Audit Service to Nation)*

## मूल्य मान्यता (Core Values)

निष्ठा *(Integrity)*

स्वतन्त्रता *(Independence)*

व्यावसायिकता *(Professionalism)*

पारदर्शिता *(Transparency)*

जवाफदेहिता *(Accountability)*

# महालेखापरीक्षकको भनाइ



नेपालको संविधानको धारा २४१ मा संघ, प्रदेश र स्थानीय तहका सबै सरकारी कार्यालयको लेखा कानून बमोजिम नियमितता, मितव्ययिता, कार्यदक्षता, प्रभावकारिता र औचित्य समेतको विचार गरी महालेखापरीक्षकबाट लेखापरीक्षण हुने व्यवस्था छ । लेखापरीक्षण ऐन, २०७५ को दफा २०(२) मा महालेखापरीक्षकले प्रत्येक स्थानीय तहको लेखापरीक्षण सम्पन्न गरी अलग अलग प्रतिवेदन जारी गर्न सक्ने व्यवस्था छ । सोही व्यवस्थाबमोजिम स्थानीय तहको २०७८/७९ को आर्थिक कारोबारको लेखापरीक्षण सम्पन्न गरी यो प्रतिवेदन जारी गरिएको छ ।

स्थानीय तहको लेखापरीक्षण नेपालको संविधान, लेखापरीक्षण ऐन, नेपाल सरकारी लेखापरीक्षण मान, वित्तीय लेखापरीक्षण मार्गदर्शन, स्थानीय तह लेखापरीक्षण निर्देशिका, महालेखापरीक्षकको वार्षिक लेखापरीक्षण योजना र स्थानीय तहसँग सम्बन्धित ऐन, नियमको आधारमा सम्पन्न गरिएको छ । लेखापरीक्षणको उद्देश्यमा वित्तीय विवरणको शुद्धता, प्रचलित कानुनको पालना, बजेट तथा योजना तर्जुमा एवं कार्यक्रम कार्यान्वयन, खरिद व्यवस्थापन, सार्वजनिक सम्पत्तिको संरक्षण र उपयोग, जिम्मेवारी, जवाफदेहिता एवं पारदर्शिता र सेवा प्रवाहको अवस्था मूल्याङ्कन गर्नु साथै स्रोत साधनको प्राप्ति र परिचालन सम्बन्धमा नियमितता, मितव्ययिता, कार्यदक्षता र प्रभावकारिता भए नभएको विश्लेषण गरी वित्तीय व्यवस्थापनमा सुधारका लागि सुझाव प्रदान गरी सुशासन प्रवर्द्धनमा टेवा पुर्‍याउनु रहेको छ । आर्थिक वर्ष २०७८/७९ को लेखापरीक्षण सम्पन्न भएपश्चात जारी गरिएको प्रारम्भिक प्रतिवेदन उपर प्राप्त प्रतिक्रियाका विषयहरू मिलान गरी कायम रहेका व्यहोरा समावेश गरेर राय सहितको अन्तिम प्रतिवेदन पठाइएको छ ।

यस वर्षको लेखापरीक्षणबाट देखिएका व्यहोराहरु मूलत: आवश्यक कानुनहरु तर्जुमा नगरेको, तर्जुमा भएका कानुनहरु राजपत्रमा प्रकाशन नगरेको, आन्तरिक आय र राजस्व बाँडफाँटको प्रक्षेपण यथार्थपरक नरहेको, आन्तरिक आय न्यून रहेको, बक्यौता असुलीमा प्रभावकारिता नआएको, बजेट अनुशासन कमजोर रहेको, खर्च पश्चात बजेट तथा कार्यक्रम संशोधन गरेको, वर्षान्तमा बढी खर्च गरेको, खरिद कानुन विपरीत सोझै खरिद गरेको, प्रशासनिक खर्च बढ्दै गएको बाँकी अनुदान बर्षान्तमा फिर्ता नगरेको, अनुत्पादक तथा वितरणमुखी खर्च गरेको लगायतका छन् । त्यसैगरी विकास निर्माणतर्फ योजना प्राथमिकीकरण नगरेको, टुक्रे आयोजनाको छनौट गरी खर्च गरेको, विस्तृत आयोजना प्रतिवेदन तयारीमा परामर्शदातामाथि निर्भर रहेको, जटिल प्रकृतिका कार्यहरू समेत उपभोक्ता समितिबाट गराएको, जनसहभागिता नजुटेको जस्ता समस्या रहेका छन् ।

स्थानीय तहको आन्तरिक व्यवस्थापनतर्फ दरबन्दी अनुसार पदपूर्ति नभएको, दरबन्दी वेगरका कर्मचारी नियुक्ति गरेको, उपभोक्ता समितिको कार्यमा सेवा प्रवाह सहज र व्यवस्थित नभएको, सार्वजनिक सम्पत्ति व्यवस्थापन प्रणालीमा जिन्सी एंव सम्पत्ति अभिलेख नराखेको, सञ्चालित योजना, कार्यक्रम तथा सेवा प्रवाहको अभिलेख नराखेको, बैङ्क हिसाब नभिडेको, लेखाङ्कन तथा समग्र प्रतिवेदन प्रणाली र आन्तरिक नियन्त्रण कमजोर रहेको पाइएको छ। स्थानीय तहमा महालेखापरीक्षकको लेखापरीक्षण प्रतिवेदन उपर छलफल र बेरुजू फस्र्यौट सम्बन्धी स्पष्ट कार्यविधि तर्जुमा भएको देखिएन । लेखापरीक्षणबाट औंल्याएका व्यहोराहरू आवश्यक कारवाही गरी वित्तीय अनुशासन कायम गर्नुपर्दछ।

समय र जनशक्तिको सीमितताको बाबजुद यथासम्भव स्थानीय तहको कार्यस्थलमा नै उपस्थित भई लेखापरीक्षण गरिएको र लेखापरीक्षणको क्रममा लेखापरीक्षण टोलीले स्थानीय तहका प्रमुख सहितका पदाधिकारीहरूसँग छलफल समेत गरिएको छ। लेखापरीक्षण प्रतिवेदनमा उल्लेख भएका व्यहोराको कार्यान्वयनबाट स्थानीय तहको वित्तीय व्यवस्थापन, विकास निर्माण र सेवा प्रवाहमा सुधार हुने अपेक्षा गरेको छु । स्थानीय तहको लेखापरीक्षणमा सहयोग पुर्‍याउने स्थानीय तहका सबै पदाधिकारी तथा कर्मचारीहरू र लेखापरीक्षण कार्यमा संलग्न यस कार्यालयका कर्मचारीहरूको कार्यसम्पादनको उच्च मूल्याङ्कन गर्दै विशेष धन्यवाद दिन चाहन्छु।

**(टंकमणि शर्मा दंगाल)**
**महालेखापरीक्षक**

२०७९ चैत्र

महालेखापरीक्षकको कार्यालय
Office of the Auditor General
अनामनगर, काठमाडौँ, नेपाल
Anamnagar, Kathmandu, Nepal

महालेखा परीक्षकको कार्यालय
नेपाल
२०१६

**प्रादेशिक लेखापरीक्षण महानिर्देशनालय कर्णाली प्रदेश**

पत्र संख्याः २०७९।८०

च.नं. : ८६ मितिः २०७९।१२।२९

विषयः लेखापरीक्षण प्रतिवेदन।

श्री अध्यक्ष ज्यू,

भगवतीमाई गाउँपालिका, गाउँकार्यपालिकाको कार्यालय,

दैलेख।

**कैफियत सहितको राय**

हामीले भगवतीमाई गाउँपालिकाको आर्थिक वर्ष २०७८/७९ को वित्तीय विवरण र त्यससँग सम्बन्धित अन्य विवरण तथा लेखा टिप्पणीहरूको लेखापरीक्षण गरेका छौँ।

हाम्रो रायमा, यस प्रतिवेदनको कैफियत सहितको राय व्यक्त गर्ने आधार खण्डमा उल्लेख भएका विषयले पार्ने असर बाहेक, पेस भएको २०७९ आषाढ ३२ मा समाप्त भएको आर्थिक वर्ष २०७८/७९ को वित्तीय विवरण र त्यससँग सम्बन्धित अन्य विवरणले स्थानीय तहसँग सम्बन्धित प्रचलित कानुनबमोजिम सारभूतरूपमा सही तथा यथार्थ अवस्था चित्रण गर्दछ ।

**कैफियत सहितको राय व्यक्त गर्ने आधार**

१. गाउँपालिकाले महालेखापरीक्षकबाट स्वीकृत नेपाल सार्वजनिक क्षेत्र लेखामानको ढाँचा पूर्ण रुपमा प्रयोग गरी वित्तीय विवरण तयार गरेको छैन।

२. लेखापरीक्षणबाट रू.४ करोड ७१ लाख ६४ हजार बेरुजू देखिएको छ। सो सम्बन्धमा प्रतिक्रिया उपलब्ध नभई बाँकी बेरुजू असुल गर्नुपर्ने रू.२४ लाख ७३ हजार, प्रमाण कागजात पेस गर्नुपर्ने रू.१ करोड ६९ लाख ६७ हजार, नियमित गर्नुपर्ने रु.२ करोड ७७ लाख २५ हजार र हजार रहेको छ। पालिकाको गतवर्ष सम्म रु.९ करोड ९५ लाख ७४ हजार बेरुजू बाँकी रहेकोमा रु.१ करोड ६ लाख ६ हजार सम्परीक्षण भई हालसम्मको अद्यावधिक बेरुजू रु.१३ करोड ६१ लाख ३२ हजार रहेको छ। गाउँपालिकाको बेरुजू वर्गीकरण र अद्यावधिक बेरुजू स्थितिको व्यहोरा यसैसाथ संलग्न छ।

३. गाउँपालिकाको लेखापरीक्षणबाट स्रोत र साधनको प्राप्तिको प्रक्षेपण यथार्थपरक नभएको, असुली लक्ष्यअनुसार नभएको, कर्मचारीको दरबन्दीअनुसार स्थायी पदपूर्ति नभएका कारण विकास निर्माण र सेवा प्रवाहमा प्रभावकारिता नआएको, अनुदानको पर्याप्त अनुगमन नभएको, वितरणमुखी कार्यक्रम सञ्चालन गरेको, आन्तरिक नियन्त्रण प्रणाली कमजोर रहेको, लगायतका व्यहोरा लेखापरीक्षण प्रतिवेदनमा औल्याइएको छ।कार्यालयबाट सम्प्रेषित लेखापरीक्षणको प्रारम्भिक प्रतिवेदन यसको अङ्गको रुपमा रहेको छ।

४. आम्दानी तथा खर्चको स्रेस्ता नगदमा आधारित लेखा प्रणाली अवलम्बन गरेकोले पालिकाको पेश्की बाहेक सम्पत्ति तथा दायित्व यकिन हुने कुनै जानकारी खुलाएको छैन।

हाम्रो लेखापरीक्षण कार्य नेपालको संविधान, लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्वन गरेका सरकारी लेखापरीक्षण मानदण्ड, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानूनबमोजिम गरिएको छ। वित्तीय विवरण तयार गर्ने स्थानीय तहसँग हामी स्वतन्त्र छौँ। त्यसैगरी स्वीकृत आचारसंहिताको पालना गरी कार्यसम्पादन गरेका छौँ।लेखापरीक्षणको क्रममा प्राप्त गरेका लेखापरीक्षण प्रमाणहरू हाम्रो राय व्यक्त गर्ने आधारका लागि पर्याप्त र उपयुक्त छन् भन्ने कुरामा कार्यालय विश्वस्त छ ।

**वित्तीय विवरण उपर व्यवस्थापन र लेखाउत्तरदायी अधिकारीको जिम्मेवारी**

आर्थिक कार्यबिधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ र स्थानीय सरकार सञ्चालन ऐन, २०७४ तथा अन्य प्रचलित कानुन बमोजिम सही र यथार्थ हुने गरी वित्तीय विवरण तयार गर्ने तथा जालसाजी वा अन्य गल्तीका कारण वित्तीय विवरण सारभूतरूपमा गलत आँकडा रहित स्वरूपमा बन्ने गरी आवश्यक आन्तरिक नियन्त्रण प्रणाली लागू गर्ने जिम्मेवारी पालिका व्यवस्थापनमा रहेको छ।गाउँ कार्यपालिका, अध्यक्ष र प्रमुख प्रशासकीय अधिकृत गाउपालिकाको वित्तीय प्रतिवेदन प्रक्रियाको अनुगमनका लागि जिम्मेवार रहेका छन् ।

**वित्तीय विवरणको लेखापरीक्षण उपर लेखापरीक्षकको जिम्मेवारी**

वित्तीय प्रतिवेदन समग्रमा जालसाजी वा अन्य गल्ती समेतका कारण सारभूतरूपमा गलत आँकडा रहित होस् भनी उचित आश्वस्तता प्राप्त गरी राय सहितको लेखापरीक्षण प्रतिवेदन जारी गर्नु लेखापरीक्षणको उद्देश्य हो।लेखापरीक्षणमा उचित आश्वस्तताले सामान्य स्तरको आश्वस्ततासम्म प्रदान गरेको हुन्छ, तर लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्वन गरेका नेपाल सरकारी लेखापरीक्षण मानदण्ड, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानुनबमोजिम गर्ने लेखापरीक्षण सम्पादन भएकै अवस्थामा पनि सबै प्रकारका जालसाजीजन्य वा अन्य गल्ती पत्ता लगाउन सक्ने निश्चितता भने हुँदैन। वित्तीय विवरणका उपयोगकर्ताले सामान्यतया गर्ने आर्थिक निर्णयमा नै फरक पार्न सक्ने अवस्था देखिएका एउटै वा समग्रतामा हुने विशेष वा जालसाजीजन्य वा अन्य गल्तीलाई सारभूतरूपमा गलत आँकडा मानिएको छ ।

नायब महालेखापरीक्षक

# भगवतीमाई गाउँपालिका, दैलेख

## 1. चालु वर्षको बेरुजु २०७८।७९

### 1.1. बेरुजु बर्गिकरण (बिनियोजन, राजस्व, धरौटी र अन्य कारोबार)

*(रु. हजारमा)*

| प्रारम्भिक बेरुजु | | | प्रतिक्रियाबाट फछर्यौट | | | बाँकी बेरुजु | | | बेरुजु | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | | | नियमित गर्नुपर्ने | | | | | पेस्की |
| दफा संख्या | | | दफा संख्या | | | दफा संख्या | | | | | | | | | |
| सैद्धान्तिक | लगती | रकम | सैद्धान्तिक | लगती | रकम | सैद्धान्तिक | लगती | रकम | असुल गर्नुपर्ने | अनियमित भएको | प्रमाण कागजात पेश नभएको | राजस्व लगत जिम्मेवारी नसारेको | सोधभर्ना नलिएको | जम्मा | |
| ४९ | २५० | ४७१६४ | ० | ० | ० | ४९ | २५० | ४७१६४ | २४७३ | १६९६७ | २७७२५ | ० | ० | ४४६९१ | ० |

### 1.2 प्रतिक्रियाबाट फस्यौंट गरिएका दफाहरुको स्विकृत विवरण

| क्र.सं | प्रारम्भिक प्रतिवेदनको दफा नं. | छोटकरी व्यहोरा | रकम रु. |
|---|---|---|---|
| ० | ० | ० | ० |
| | | | |
| | | | |
| | | | |

## 2. अद्यावधिक बेरुजू स्थिति २०७८।७९

*(रु. हजारमा)*

| जिल्ला | गत वर्ष सम्मको बाँकी | समायोजन | यो वर्षको फछर्यौट | बाँकी बेरुजू | यो वर्ष सम्परीक्षणबाट कायम बेरुजु | यो वर्षको बेरुजु | कुल बेरुजु बाँकी |
|---|---|---|---|---|---|---|---|
| भगवतीमाई गाउँपालिका दैलेख | ९९५७४ | ० | १०६०६ | ८८९६८ | ० | ४७१६४ | १३६१३२ |

# आर्थिक कारोबारको स्थिति

आर्थिक बर्ष: २०७८/७९

कार्यालय र स्थान : भगवतिमाइ गाउँपालिका, दैलेख , भगवतीमाई गाउँपालिका , दैलेख

| पद | नाम | कार्यकाल सुरु मिति | कार्यकाल समाप्त मिति |
|---|---|---|---|
| कार्यालय प्रमुख | बखत बहादुर खड्का | २०७६-८-१६ | हाल सम्म कार्यरत |
| लेखा प्रमुख | पूर्ण बहादुर बुढा | २०७६-१-२ | हाल सम्म कार्यरत |
| | | **बेरुजु रकम** | ४७,१६३,५१८.३५ |

स्थानीय तह :

| | | | |
|---|---|---|---|
| **गत बर्षको जिम्मेवारी** | | ६,०८,२४,२५१ | |
| **आम्दानी** | | **खर्च** | |
| **संघीय सरकारबाट अनुदान** | ३४,२७,०१,००० | **चालु खर्च** | २९,६७,२१,२५१ |
| **प्रदेश सरकारबाट अनुदान** | ३,३५,१८,००० | **पूँजीगत खर्च** | १६,५७,५९,४३९ |
| **राजश्व बाँडफाँट** | ६,९०,५६,५३६ | **वित्तीय/अन्य व्यवस्था** | १०,६३,४९,२६३ |
| **आन्तरिक आय** | ४८,५९,८८७ | | |
| **अन्य आय** | १०,९५,१६,८३० | | |
| **कुल आय** | ५५,९६,५२,२५३ | **कुल खर्च** | ५६,८८,२९,९५३ |
| **बाँकी मौज्दात** | | ५,१६,४६,५५१ | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| १ | | | **परिचय**<br>स्थानीय नेतृत्वको विकास गर्दै स्थानीय शासन पद्धतिलाई सुदृढ गरी स्थानीय तहमा विधायिकी, कार्यकारीणी र न्यायिक अभ्यासलाई संस्थागत गर्न स्थानीय सरकारको संचालन गर्ने उद्देश्यले यस गाउँपालिकाको स्थापना भएको हो । स्थानीय सरकारले संचालन गर्ने कार्यमा सहकारिता, सह—अस्तित्व र समन्वयलाई प्रवर्द्धन गर्नु र स्थानीय सरकारका काममा जनसहभागिता, उत्तरदायित्व, पारदर्शिता सुनिश्चित गरी नागरिकलाई गुणस्तरीय सेवा प्रदान गर्नु पालिकाको उद्देश्य रहेको छ । यस गाउँपालिका अन्तर्गत ७ वडा, ३७ सभा सदस्य, १५१.५२ वर्ग किलोमिटर क्षेत्रफल तथा १८ हजार ७ सय १८ जनसंख्या रहेको छ । | |
| २ | | | **लेखापरीक्षण**<br>यस पालिकाको आर्थिक वर्ष २०७८।७९ को लेखापरीक्षण वार्षिक लेखापरीक्षण योजना २०७९, निकायगत लेखापरीक्षण योजना, व्यवस्थापन प्रतिनिधित्व पत्र एवं अनुबन्ध पत्र, आन्तरिक लेखापरीक्षण प्रतिवेदन र अन्य विवरण समेतलाई आधार मानी सम्पन्न गरिएको छ । लेखापरीक्षण टोलीमा रहेको सीमित साधन र स्रोत, सूचनाको पहुँचमा हुने सीमितता, कम समयमा धेरै कार्यक्षेत्रको लेखापरीक्षण गर्नुपर्ने अवस्था, प्राविधिक ज्ञानको सीमितता, कारोबारको जटिलता जस्ता कारण सम्पूर्ण आर्थिक कारोबारको कानूनी वैधता परीक्षण गर्न नसकिने लगायतका सीमाहरु लेखापरीक्षणमा रहेका छन् । लेखापरीक्षण ऐन, २०७५ र नेपाल सरकारी लेखापरीक्षणमान समेतको आधारमा नमूना छनौट गरी लेखापरीक्षण सम्पन्न गर्न सकिने आधार तथा निर्क्यौल गरेको जोखिममा आधारित स्वीकृत लेखापरीक्षण योजनाभित्र रही लेखापरीक्षण सम्पन्न गरी यो प्रतिवेदन जारी गरिएको छ । सारभूतरुपमा उल्लेखनीय नदेखिएका व्यहोराहरुलाई प्रतिवेदनमा समावेश गरिएको छैन । लेखापरीक्षण प्रारम्भिक प्रतिवेदनको मस्यौदाउपर व्यवस्थापनसँग छलफल सम्पन्न गरिएको छ । लेखापरीक्षणबाट देखिएका व्यहोरा निम्नानुसार छन्: | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ३ | | | **लेखापरीक्षणको क्रममा असूली**<br>लेखापरीक्षणको क्रममा देहाय बमोजिमको रु.५,२००।- असुली भई सञ्चित कोष दाखिला भएको छ । | |

| कार्यक्रम/ब.उ.शी.नं. | वापत | रकम | मिति | दाखिला भएको बैङ्क |
|---|---|---|---|---|
| बेरुजु | भ्रमण भत्ता | ५२०० | २०७९।१०।१५ | रा वा बैंक, दैलेख |
| जम्मा रु | | ५२०० | | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ४ | | | **वित्तीय प्रतिवेदन**<br>स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को नियम ७२(२) मा नेपाल सरकारले निर्धारण गरे बमोजिमको आय र व्ययको वर्गीकरण तथा खर्च शीर्षक सम्बन्धी व्यवस्था अवलम्बन गर्नुपर्ने तथा नियम ७६(२) मा महालेखा परीक्षकबाट स्वीकृत भए बमोजिमको ढाँचामा लेखा राख्नुपर्ने व्यवस्था गरेकोमा यस पालिकाले २०७६।२।१९ मा महालेखापरीक्षकबाट स्वीकृत भएको सार्वजनिक क्षेत्र लेखामान (NPSAS) अनुसार लेखाङ्कन तथा प्रतिवेदन गर्नुपर्दछ । पालिकाले उपलव्ध गराएको *स्थानीय सरकारको कोषको प्रासि र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन (म.ले.प.फा.नं २७२)* सम्बन्धमा निम्नअनुसार देखिएको छः | |

| प्राप्ती भुक्तानी विवरण | | | | |
|---|---|---|---|---|
| विवरण | बजेट | आफैले गरेको प्राप्ती/ भुक्तानी | वस्तुगत/ सोझै भुक्तानी | जम्मा |
| **प्रासि क+ख** | ४८१३६०२९४ | ४७३७२०८१४ | ५९००००० | ४७९६२०८१४ |
| **क. प्रासि (संचितकोषमा आम्दानी बाँधिने)** | ४५६२०७६१६ | ४४४९८८७५५ | ५९००००० | ४५०८८८७५५ |
| ११००० कर | ७४५९१६१६ | ६९९५९०८८ | ० | ६९९५९०८८ |
| १३००० अनुदान | ३७८११९००० | ३७१०७२३३२ | ५९००००० | ३७६९७२३३२ |
| संघीय सरकार | ३४४६०१००० | ३३६८०१००० | ५९००००० | ३४२७०१००० |
| प्रदेश सरकार | ३३५१८००० | ३४२७१३३२ | ० | ३४२७१३३२ |
| १४००० अन्य राजस्व | ३४९७००० | ३८६६३८५ | ० | ३८६६३८५ |
| १५००० विविध प्रासि | ० | ९०९५० | ० | ९०९५० |
| **ख. अन्य प्रासि** | २५१५२६७८ | २८७३२०५९ | | २८७३२०५९ |
| वितरण गर्न बाकी राजस्व | ० | ० | ० | ० |
| कोषहरु | २५१५२६७८ | २४६५१३६६ | ० | २४६५१३६६ |
| धरौटी | ० | ४०८०६९३ | ० | ४०८०६९३ |


https://nams.oag.gov.np

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | | | | | बेरुजु रकम |
|---|---|---|---|---|---|---|---|---|
| | | | संघीय प्रदेश सरकार वा अन्य कार्यक्रम | ० | ० | ० | ० | |
| | | | **भुक्तानी (ग+घ)** | ५३७५२६०१२ | ४८२८७६७३४ | ५९००००० | ४८८७७६७३४ | |
| | | | **ग. भुक्तानी (सञ्चित कोषबाट)** | ५१२३७३३३४ | ४५६५८०६९० | ५९००००० | ४६२४८०६९० | |
| | | | २१००० पारिश्रमिक / सुविधा | ६२९२२००० | ६१५४४९०२ | ० | ६१५४४९०२ | |
| | | | २२००० मालसामान तथा सेवाको उपयोग | १५९७०३३३४ | १३३९७७३४४ | २४००००० | १३६३७७३४४ | |
| | | | २५००० सहायता (Subsidy) | ९६७६२००० | ९२१५१७०३ | ० | ९२१५१७०३ | |
| | | | २६००० अनुदान | ० | ० | ० | ० | |
| | | | २७००० सामाजिक सुरक्षा | ९७६०००० | ४७४६५९७ | ० | ४७४६५९७ | |
| | | | २८००० अन्य खर्च | २१३५००० | १९००७०५ | ० | १९००७०५ | |
| | | | ३१००० गैर वित्तीय सम्पत्ती / पूँजीगत खर्च | १८१०९१००० | १६२२५९४३९ | ३५००००० | १६५७५९४३९ | |
| | | | **घ. अन्य भूक्तानी** | २५१५२६७८ | २६२९६०४४ | | २६२९६०४४ | |
| | | | कोषहरु | २५१५२६७८ | २३९०६७१६ | ० | २३९०६७१६ | |
| | | | धरौटी | ० | २७४७९१० | ० | २७४७९१० | |
| | | | संघीय प्रदेश सरकार वा अन्य कार्यक्रम | ० | ० | ० | ० | |
| | | | कट्टी रकम भुक्तानी/ दाखिला गर्न बाकी | | -३५८५८२ | | -३५८५८२ | |
| | | | **ङ. यो वर्षको बचत (न्युन)** | -५६१६५७१८ | -९१५५९२० | | -९१५५९२० | |
| | | | **च. गतवर्षको जिम्मेवारी रकम (अ.ल्या)** | | ६०८२४२५१ | | ६०८२४२५१ | |
| | | | **वर्षान्तको बाकी रकम (ङ + च)** | -५६१६५७१८ | ५१६६८३३१ | | ५१६६८३३१ | |
| | | | **बैंक तथा नगद बाकी** | | ५१६४६५५१ | | ५१६४६५५१ | |

**कोष तथा लेखा नियन्त्रकको कार्यालयबाट निकासा प्राप्त**

| बजेट उपशिर्षक | वार्षिक बजेट | निकासा | खर्च |
|---|---|---|---|
| ३३६००१०२३ | ४६४००० | ४५५००० | ४५५००० |
| ३१४०१०१२३ | ७२९६१०८० | ७२९३८२६६ | ७२९३८२६६ |
| जम्मा रु | ७३४२५०८० | ७३३९३२६६ | ७३३९३२६६ |

**प्रदेश लेखा ईकाई कार्यालय बाट निकासा प्राप्त**

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>
<table>
<tr><td>बजेट उपशिर्षक</td><td>वार्षिक बजेट</td><td>निकासा</td><td>खर्च</td></tr>
<tr><td>३०१००१०२३</td><td>१०५०००</td><td>१०५०००</td><td>१०५०००</td></tr>
<tr><td>३०१००१०२४</td><td>१६९१००००</td><td>१६९०९४५५</td><td>१६९०९४५५</td></tr>
<tr><td>३०१९११२०३</td><td>५२३००००</td><td>५१४४९७४</td><td>५१४४९७४</td></tr>
<tr><td>३५००००११३</td><td>५०००००</td><td>४९५४६५</td><td>४९५४६५</td></tr>
<tr><td>जम्मा रु</td><td>२२७४५०००</td><td>२२६५४८९४</td><td>२२६५४८९४</td></tr>
</table>
</td><td></td></tr>
<tr><td>४.१</td><td></td><td></td><td>सञ्चित कोषमा स्थानान्तरण - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७५ बमोजिम एक आर्थिक वर्षमा खर्च हुन नसकी बाँकी रहेको रकम आर्थिक वर्षको अन्तमा स्थानीय तहको सञ्चित कोषमा स्थानान्तरण गर्नुपर्ने व्यवस्था छ। आर्थिक वर्ष समाप्त पश्चात पनि पालिकाको प्रकोप व्यवस्थापन कोष खातामा रु. ८,८२,६८३।-, धरौटी खातामा रु. ८५,४८,९९५।- तथा विविध खर्च खातामा रु. ३,११,५७१।- र विविध कोष खातामा रु. १२,६०,०१८।- समेत रु. १,१०,०३,२६७।- मौज्दात रहेको पाइयो । तोकिएको समयमा सो रकम सञ्चित कोषमा स्थानान्तरण गरी हिसाब मिलान गर्नुपर्दछ ।</td><td></td></tr>
<tr><td>४.२</td><td></td><td></td><td>फरक जिम्मेवारीः पालिकाले आफ्नो कारोबारको जिम्मेवारी भिडान गरी हिसाब यकिन गर्नुपर्दछ । पालिकाको गत वर्षको लेखापरीक्षण प्रतिवेदन अनुसार रु.५,१९,४७,४२२।- रहेकोमा यो वर्ष रु. ६,०८,२४,२५१।- जिम्मेवारी सारेको छ । जसअनुसार लेखापरीक्षण प्रतिवेदन अनुसार विविध खर्च खाताको रु. ८८,७६,८२९।- बढी जिम्मेवारी सारिएको सम्बन्धमा यकिन गर्नुपर्दछ ।</td><td></td></tr>
</table>

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ४.३ | | | **बैङ्क हिसाब विवरण -** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७६ अनुसार पालिकाको कारोबार, आय व्ययको लेखा प्रणाली तथा राजस्व र खर्च शीर्षकको वर्गीकरणअनुसार लेखाङ्कन र बैङ्क हिसाब मिलान विवरण (म.ले.प.फा.नं.२१२) तयार गरी हिसाब भिडान समेत गर्नुपर्दछ । पालिकाले बैङ्क हिसाब मिलान विवरण तयार गरेको तर रु. २,४०,०५,८४८।- अनुदान फिर्ताको रकम फिर्ता पश्चात श्रेष्तामा ल्याएको कारण वर्षान्तमा फरक पर्न गएको हो । स्रेस्ता र बैङ्क मौज्दात देहायअनुसार छ: | |

| सि.नं. | खाताको नाम | श्रेस्ता अनुसार बाँकी | बैंक स्टेटमेण्ट अनुसार बाँकी | फरक |
|---|---|---|---|---|
| १ | आन्तरिक राजस्व खाता | ० | ० | ० |
| २ | बाँडफाडबाट प्राप्त राजस्व | ० | ० | ० |
| ३ | आन्तरिक अनुदान खाता | ० | ० | ० |
| ४ | चालु खर्च खाता | ० | ० | ० |
| ५ | पूँजीगत खर्च खाता | ० | ० | ० |
| ६ | विविध खर्च खाता | ३११५७१ | ३११५७१ | ० |
| ७ | स्थानीय तह धरौटी खाता | ८५४८९९५ | ८५४८९९५ | ० |
| ८ | स्थानीय तह संचित कोष | ४०६७७७२६.४४ | १६६७१८७८.४४ | (२४००५८४८) |
| ९ | स्थानीय तह प्रकोप व्यवस्थापन कोष खाता | ८८२६८३ | ८८२६८३ | ० |
| १० | विविध कोष खाता | १२४७३५६ | १२६००१८ | १२६६२ |
| **जम्मा रु** | | | | २४००५८४८ |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ४.४ | | | **वित्तीय विवरणको यथार्थता -** पालिकाको आर्थिक कार्यप्रणालीको लेखाङ्कनको गर्न स्थानीय सञ्चित कोष व्यवस्थापन प्रणाली (सुत्र) प्रयोगमा रहेको छ । आर्थिक कारोबार गर्दा सुत्रको प्रयोग गरी सम्पूर्ण आर्थिक कारोवारको लेखाङ्कन तथा प्रतिवदेन गर्नुपर्दछ भने सोही प्रणालीबाट स्थानीय सरकारको कोषको प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन (म.ले.प.फा.नं २७२) तयार गर्नुपर्छ । पालिकाले सामाजिक सुरक्षा तथा संरक्षणको रु. ७,२९,३८,२६६, गरिबसँग विश्वेश्वर कार्यक्रमको रु. ४,५५,०००, प्रदेश तथा स्थानीय शासन सहयोगको रु. ५१,४४,९७४, मुख्यमन्त्री रोजगार, उद्यमशीलता तथा आयआर्जन कार्यक्रमको रु. १,०५,०००, मुख्यमन्त्री रोजगार, उद्यमशीलता तथा आयआर्जन कार्यक्रमको रु १,६९,०९,४५५ र सामाजिक विकास मन्त्रालयको रु ४,९५,४६५ समेत गरी रु ९,६०,४८,१६० सुत्रमा लेखाङ्कन गरेको छैन । जसले गर्दा सुत्रबाट तयार भएको वित्तीय विवरणसमेत पूर्ण नहुँदा पालिकाको यथार्थ आर्थिक अवस्थाको चित्रण गरेको छैन । तसर्थ सबै आर्थिक कारोबार सुत्र मार्फत हुने र सबै कारोबार वित्तीय विवरणमा समावेश गर्ने व्यवस्था गर्नुपर्दछ । | |
| ४.५ | | | **फरक हिसाब –** पालिकाले सुत्रबाट तयार गरेको स्थानीय सरकारको कोषको प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन (म.ले.प.फा.नं.२७२) ले सबै कारोबार नसमेटेको कारण लेखापरीक्षणका क्रममा पालिकाबाट भएका सबै कारोबार समेटिने गरी एकीकृत आर्थिक विवरण तयार गर्न लगाइएकोमा उक्त दुई विवरणमा देहाय अनुसार गत वर्षको जिम्मेवारी रु.२,२२,८७५।- , यस वर्षको प्राप्ति रु. ८,००,३१,४३९।-,यस वर्षको भुक्तानी रु. ९,९४,७६,८४१।- र बैङ्क मौज्दात रु. १,९६,४६,४९७।- फरक परेको छ । सुत्रमा पालिकाको सम्पूर्ण आर्थिक कारोबारहरु समाविष्ट गरी म.ले.प.फा.नं.२७२ ले पालिकाको समष्टिगत आर्थिक कारोबारको यथार्थ अवस्था चित्रण गर्ने व्यवस्था गर्नुपर्दछ । | |

| विवरण | गतवर्षको जिम्मेवारी | यसवर्षको प्राप्ति | यसवर्षको भुक्तानी | बैङ्क मौज्दात |
|---|---|---|---|---|
| सुत्र अनुसारको वार्षिक प्रतिवेदन (म.ले.प.फा.नं.२७२) | ६०८२४२५१ | ४७९६२०८१४ | ४८८७७६७३४ | ५१६४६५५१ |
| एकीकृत आर्थिक विवरणअनुसार | ६०६०१३७६ | ५५९६५२२५३.१ | ५८८२५३५७५ | ३२०००५४ |
| फरक | २२२८७५ | ८००३१४३९ | ९९४७६८४१ | १९६४६४९७ |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ५ | | | **अनुदान प्राप्ती, वितरण, उपयोग र फिर्ता** | |

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td>५.१</td><td></td><td></td><td>संघीय समपुरक अनुदान: समपुरक अनुदान कार्यविधि, २०७५ को दफा ६ मा संघीय सरकारले स्थानीय तहलाई अधिकातम ५० प्रतिशत सम्म समपुरक अनुदान प्रदान गर्न सक्ने उल्लेख छ । पालिकाले निम्नानुसार योजनामा समपुरक अनुदान बाट तोकिए बमोजिम भन्दा धेरै खर्च गरेको देखिएकोले पालिकाबाट खर्च नगरेको रु. ९,७१,९५३।- सम्बन्धित संचित कोषमा दाखिला गर्नुपर्ने देखिएको रु.<br>
<table>
<tr><td>क्र.सं.</td><td>योजनाको नाम</td><td>अनुदान</td><td>हुनु पर्ने अनुदान</td><td>भएको अनुदान</td><td>बढी अनुदान</td></tr>
<tr><td>१</td><td>गाउपालिका भवन</td><td>संघिय समपुरक</td><td>४५४१६७६.१८</td><td>४७९४०००</td><td>२५२३२३.८२</td></tr>
<tr><td>२</td><td>जिरो पोईन्ट वडा कार्यालय सडक स्तरोन्नती</td><td>प्रदेश समपुरक</td><td>८७८३००.७</td><td>१५९४९३०</td><td>७१९६२९.३</td></tr>
<tr><td></td><td>जम्मा</td><td></td><td></td><td></td><td>९७१९५३</td></tr>
</table></td><td>९७१,९५३</td></tr>
<tr><td>५.२</td><td></td><td></td><td>अनुदान फिर्ता – संघीय एवं प्रदेश सरकारको कानून एवं कार्यविधि बमोजिम ती निकायबाट स्थानीय तहमा प्राप्त हुने समपुरक वाहेकका अनुदान खर्च नभई बाँकी रहेको अवस्थामा सम्बन्धित निकायमा फिर्ता गर्नुपर्ने व्यवस्था रहेको छ । प्राप्त विवरण (सुत्रको अनुसूची २१) अनुसार २०७९ असार मसान्तमा बाँकी रहेको रु २,४०,०५,८४८।- मिति २०७९।३।३१ मा फिर्ता गरेको पाईयो ।</td><td></td></tr>
</table>

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ६ | | | **आन्तरिक नियन्त्रण प्रणालीः**<br>स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ७८ वमोजिम आन्तरिक नियन्त्रण प्रणाली तयार गरि लागु गर्नुपर्नेमा लागु गरेको पाईएन। यस सम्वन्धमा देखिएका अन्य व्यहोराहरु तपशिल वमोजिम रहेका छन:<br>:<br>· पालिकाले कार्यक्रमगत तथा योजनागत खाता राखेको पाईएन । साथै पालिकाबाट यस वर्ष संचालित कार्यक्रम तथा योजनाको कार्यान्यवयन र सेवा प्रवाह समेतको वार्षिक कार्यक्रम अनुसारको प्रगति प्रतिवेदन तयार गरेको पाईएन।<br>· विषयगत क्षेत्रमा संचालन हुने कार्यक्रममा बैठक भत्ता, भ्रमण भत्ता, तालिम, गोष्ठीतर्फ बढी केन्द्रीत भई वितणमुखि रहेको पाईयो।<br>· वडा कार्यालयमा रहेका जिन्सी समान अभिलेख पालिकाको मूल जिन्सी खातामा अध्यावधिक गरेको पाईएन ।<br>· जिन्सी निरिक्षण प्रतिवेदनमा उल्लेख भए अनुसार विभिन्न मालसामान मर्मत तथा लिलाम गर्नु पर्नेमा गरेको पाईएन ।<br>· कार्यालयले उद्बेश्य प्राप्तिमा आइपर्ने सम्भावित जोखिमहरु पहिचान गरि निराकरणको प्रयास गरेको अभिलेख नराखेको ।<br>· ठेक्काहरुको विस्तृत विवरण देखिने गरि ठेक्का खाता र कन्टिन्जेन्सी खाता राखेको पाईएन।<br>· सार्वजनिक खरिद नियमावली २०६४ को नियम ९७ अनुसार यस वर्ष कार्यसम्पन्न भएका आयोजना तथा कार्यक्रमहरु उपभोक्ता समितिलाई हस्तान्तरण गर्नुपर्नेमा गरेको पाईएन ।<br>· संस्था दर्ता ऐन, २०३४ को दफा ३ अनुसार पालिकाबाट संचालन भएका विभिन्न योजना निर्माण गर्न गठन गरेका उपभोक्ता समिति उक्त ऐनको व्यवस्था अनुसार मान्यता प्राप्त हुने गरी दर्ता गरेको पाइएन ।<br>· सञ्चालित योजनाको सूचना पाटीमा आय–व्यय, अपेक्षित र वास्तविक लाभका साथै उपभोक्ताको योगदान र कार्यसम्पादन लगायतका विषयमा स्पष्ट गरी सरोकारवाला सहितको सार्वजनिक सुनुवाई र सार्वजनिक परीक्षणलाई अनिवार्य गर्नु गराउनु पर्नेमा अधिकांशतः पालना भएको पाईएन।<br>· वातावरण संरक्षणको एकिकृत दिर्घकालिन योजना तयार नगरेको<br>· सुशासन व्यवस्थापन तथा सञ्चालन नियमावली २०६५ को दफा अनुसार नागरिक वडापत्रमा उल्लेखित सेवाहरुको कार्यान्वियन स्थिती अनुगमन गर्न अनुगमन संयन्त्र तय गरेको पाईएन ।<br>· निजामती सेवा ऐन २०४९ वमोजिम कार्य विवरण वनाई लागु गरेको पाईएन ।<br>आन्तरिक नियन्त्रण प्रणाली कमजोर भएको हुँदा सार्वजनिक सेवा प्रवाह र आर्थिक प्रशासन कमजोर भई कार्य प्रभावकारीतामा असर पर्दछ ।तसर्थ पालिकाले आन्तरिक नियन्त्रण प्रणालीलाई तोकीए बमोजिम प्रभावकारी र विश्वशनीय बनाई सेवा प्रवाह सुदृढ बनाउने तर्फ ध्यान दिनुपर्ने देखिन्छ । | |
| ७ | | | **बजेट तथा कार्यक्रम** | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ७.१ | | | **योजनाको प्राथमिकीकरण** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा २४ मा स्थानीय तहले आवधिक योजना बनाई लागू गर्नुपर्ने उल्लेख गरेको छ । स्थानीय तहको योजना तथा बजेट तर्जुमा दिग्दर्शन, २०७४ को दफा ५.२.४ सँग सम्बन्धित अनुसूची ३ मा आयोजना प्राथमिकीकरणका आधारहरू गरिवी निवारण, उत्पादनमूलक, रोजगारी, लागत सहभागिता, स्थानीय स्रोत र साधन, समावेशी विकास, दिगो र वातावरण संरक्षण र भाषिक र सांस्कृतिक विकास उल्लेख गरेको छ र सोही अनुसार गणना गरी प्राथमिकताका आधारमा योजना छनौट गर्नुपर्ने व्यवस्था छ। तर पालिकाले आर्थिक वर्ष २०७८।७९ मा निम्नअनुसार ७ वडाको लागि वडागत र पालिकास्तरका कुल योजनामा वजेट विनियोजन गरेको छ । | |

| क्र. सं. | कार्यक्रमको नाम | योजना सङ्ख्या | रु.२० लाखमाथिका योजना सङ्ख्या | रु.५ लाखदेखि २० लाख सम्मका योजना सङ्ख्या | रु.५ लाखभन्दा कमका योजना सङ्ख्या |
|---|---|---|---|---|---|
| १. | वडास्तरीय | १११ | ० | ५० | ६१ |
| २. | पालिकास्तरीय | ४३ | १८ | ६५ | ७१ |

उपर्युक्त विवरण अनुसार पालिकाले साना र वितरणमुखी योजनाहरु सञ्चालन गरेको देखिन्छ । जसले गर्दा सञ्चालित योजनावाट प्रतिफल प्राप्त नहुनुका साथै चालु प्रकृतिका खर्चमा बृद्धि भई लागत प्रभावी नहुने तथा निर्माण कार्यको गुणस्तरमा समेत प्रश्न उठ्ने गरेको छ । त्यसैगरी यो वर्ष सभाले पारित गरेका उल्लेखित योजना मध्ये १०० योजनामात्र कार्यान्वयन भई ४४ योजना कार्यान्वयन हुन सकेको देखिएन । तसर्थ पालिकाले योजना वस्तुनिष्ठ तवरले प्राथिमिकीकरण र छनौट गरी सोको प्रभावकारी कार्यान्वयन गर्नुपर्दछ ।

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ७.२ | | | **बजेट तथा कार्यक्रम तर्जुमा :** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६७(१) मा ४ सदस्यीय बजेट तथा कार्यक्रम तर्जुमा समिति गठन गरी आगामी वर्षको नीति तथा कार्यक्रम, बजेट तथा कार्यक्रम, कार्यक्रमको प्राथमिकीकरण, विषय क्षेत्रगत कार्यक्रम, योजना तथा कार्यक्रममा दोहोरोपना हुन नदिई आपसी तादाम्यता तथा परिपूरकता कायम गर्नुपर्ने ब्यवस्था अनुसार समिति गठन गरेको भएता पनि आगामी आर्थिक वर्षको नीति तथा कार्यक्रम, कार्यक्रमको प्राथमिकीकरण, कार्यक्रमबीच परिपूरकता कायम गरेको समेत नदेखिएकाले बजेट तर्जुमा गर्दा ऐनमा भएको ब्यवस्थाको परिपालनामा ध्यान दिनुपर्दछ । | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ७.३ | | | **खर्च बिश्लेषणः** पालिकाले यस बर्ष कुल आन्तिरक आयबाट रु. ४८ लाख ५९ हजार ८ सय ८७, राजस्व बाँडफाँट र अनुदानबाट रु. ६ करोड ८२ लाख २० हजार समेत रु. ७ करोड ३० लाख ८० हजार आम्दानी भएकोमा चालु तर्फ रु. २९ करोड ६७ लाख २१ हजार र पूँजिगत तर्फ रु. १६ करोड ८७ लाख ५९ हजार समेत रु. ४६ करोड २४ लाख ८० हजार खर्च भएको छ । खर्च मध्ये आन्तरिक आयको हिस्सा १.०२ प्रतिशत रहेको छ । यस बर्ष पदाधिकारी सुबिधामा रु. १ करोड ३७ लाख ८२ हजार खर्च भएको छ जुन आन्तरिक आयको प्रति ७७५ प्रतिशत रहेको छ । पालिकालाई प्राप्त भएको सबै अनुदान र राजस्व बाँडफाँटको रकमबाट ६५ प्रतिशत चालु र ३५ प्रतिशत मात्र पूँजिगत निर्माणमा खर्च भएको देखिन्छ । यसबाट पालिकाहरुले बिकास निर्माण कार्यक्रम संचालनमा न्युन खर्च गरी प्रशासनिक कार्यमा बढी खर्च गरेको देखिन्छ । प्रशासनिक खर्च नियन्त्रण गर्दै प्राप्त अनुदान र राजस्व बाँडफाँटको रकम अधिकरुपमा बिकास निर्माणमा परिचालन गरिनुपर्दछ । | |
| ७.४ | | | **क्षेत्रगत बजेट र खर्चको स्थितिः** स्थानीय तहको एकीकृत, समानुपातिक र दिगो विकासका क्षेत्रगत रुपमा समानुपातिक बजेट विनियोजन गरी खर्च गर्नुपर्ने हुन्छ । यस पालिकाको २०७८।७९ को क्षेत्रगत बजेट र खर्चको स्थिति देहायअनुसार रहेको देखिन्छ । | |

| क्र.स | क्षेत्र | बजेट | खर्च | खर्च प्रतिशत जम्मा खर्चको तुलनामा |
|---|---|---|---|---|
| | | | | |
| १ | आर्थिक विकास | ४३५४५००० | ३७७५८२५१ | ८ |
| २ | पूर्वाधार विकास | १०८४३२००० | ९७१२१७२८ | २१ |
| ३ | सामाजिक विकास | २४०५५३०४० | २१६६५५७४४ | ४७ |
| ४ | बातावरण तथा विकास | ० | ० | ० |
| ५ | संस्थागत विकास, सेवा प्रवाह र सुशासन | ४०४१७४३८ | ३८२७३९५२ | ८ |
| ६ | अन्य कार्यालय संचालन तथा प्रशासनिक | ७९४२५८५६ | ७२६७१०१५ | १६ |
| जम्मा | | ५१२३७३३३४ | ४६२४८०६९० | १०० |

उपरोक्त विवरण अनुसार सभाले विनियोजन गरेको बजेट मध्ये रकम रु ५१,२३,७३,३३४ मा सबैभन्दा बढी सामाजिक विकासमा ४७ प्रतिशत र वातावरण तथा विकासमा खर्च शून्य रहेकोले दिगो विकासको लक्ष्य प्राप्ति गर्ने गरी खर्च गर्नुपर्दछ ।

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ७.५ | | | **त्रैमासिक खर्चः** आर्थिक कार्यविधि तथा वित्तीय उत्तदायित्व नियमावली, २०७७ को नियम ३५ बमोजिम स्वीकृत भएको कार्यक्रममा त्रैमासिक प्रगति विवरण वनाई पेश गर्नुपर्ने र त्रैमासिक कार्यलक्ष्य तथा कार्यक्रम बमोजिम कार्यसम्पादन सम्पन्न गरी कार्यक्रम कार्यान्वियन गर्नुपर्ने व्यवस्था छ । कार्यालयले उपलव्ध गराएको विवरण अनुसार त्रैमासिक खर्चको स्थिति देहाय बमोजिम छ । वर्षान्तमा हतारमा काम गराउँदा कामको गुणस्तरमा असर पर्ने देखिएकोले नियममा भएको व्यवस्था अनुरुप आषाढमा खर्च गर्ने परिपाटीमा नियन्त्रण गर्नुपर्दछ । | |

| क्र.स.स | बजेट उपशिर्षक | कुल खर्च | त्रैमासिक खर्च | | | | |
|---|---|---|---|---|---|---|---|
| | | | प्रथम त्रैमासिक | दोस्रो त्रैमासिक | तेस्रो त्रैमासिक | चौथो त्रैमासिक | आषाढ महिना |
| १ | चालु खर्चतर्फ | २९६७२१२५१ | ४५५५२३१२ | ७८२३९८५१ | ६६१८८६३४ | १०६९४०४५४ | ७३९१९५१८ |
| २ | पूँजिगत खर्चतर्फ | १६५७५९४३९ | ० | २५९७८१२५ | ५१४०५८०७ | ८८३७५५०७ | ६८४५७०८६ |
| जम्मा खर्च | | ४६२४८०६९० | ४५५५२३१२ | १०४२१७९७६ | ११७५९४४४१ | १९५३१५९६१ | १४२३७६६०४ |
| जम्मा खर्चको तुलनामाः | | | १० | २३ | २५ | ४२ | ३१ |

पालिकाले उपलब्ध गराएको विवरणअनुसार बार्षिक रु. ४६ करोड २४ लाख ८० हजार निकासा भएकोमा प्रथम त्रैमासिकमा रु. ४ करोड ५५ लाख ५२ हजार अर्थात १० प्रतिशत, दोश्रो त्रैमासिकमा रु. १० करोड ४२ लाख १७ हजार अर्थात २३ प्रतिशत, तेश्रो त्रैमासिकमा रु. ११ करोड ७५ लाख ९४ हजार अर्थात २५ प्रतिशत, चौथो त्रैमासिकमा रु. १९ करोड ५३ लाख १५ हजार अर्थात ४ प्रतिशत खर्च गरेको देखिएको छ । आषाढ महिनामा मात्र रु. १४ करोड २३ लाख ७६ हजार अर्थात ३१ प्रतिशत खर्च देखिनुले आषाढमा आएर खर्चको चाप बढेको देखिएकाले सन्तुलित खर्च ब्यवस्थापन भएको देखिएन । स्वीकृत कार्यक्रम अनुसार त्रैमासिक रुपमा सन्तुलित खर्च हुने गरी कार्यक्रम कार्यान्वियन गरिनुपर्दछ ।

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ७.६ | | | **बजेट पेश, पारित र अख्तियारी** - स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ७१ मा स्थानीय तहले आगामी आर्थिक वर्षको राजश्व र व्ययको अनुमान कार्यपालिकाबाट स्वीकृत गराई असार १० गते भित्र पेश गर्ने र यसरी पेश भएको बजेट छलफल गरी असार मसान्त भित्र सभाबाट पारित गर्नुपर्ने व्यवस्था छ । सोही ऐनको दफा ७३ मा सभाबाट बजेट स्वीकृत भएको ७ दिनभित्र स्थानीय तहका प्रमुखले प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गर्नुपर्ने व्यवस्था छ । यस स्थानीय तहका उपाध्यक्ष श्री चन्द्रा रेग्मीले मिति २०७८।०३।१० गते रु. ५१ करोड २३ लाख ७३ हजार ३ सय ३४ को बजेट सभा समक्ष पेश गरेकोमा मिति २०७८।०३।३१ मा पारित भएको छ । यसैगरी स्थानीय तहका प्रमुखले २०७८।०४।०५ मा प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गरेको देखिन्छ । | |
| ७.७ | | | **बजेट सीमा निर्धारण समिति :** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६६(१) बमोजिम पालिकामा प्राप्त हुने आन्तरिक आय, राजश्व बाँडफाँटबाट प्राप्त हुने रकम, अनुदान, ऋण र अन्य आयको प्रक्षेपण तथा सोको सन्तुलित वितरणको खाका र बजेट सीमा निर्धारण गर्न ७ सदस्यीय स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समिति गठनको व्यवस्था छ । उक्त समितिले आयको प्रक्षेपण, साधनको सन्तुलित वितरणको खाका, बजेटको कूल सीमा, बजेटको क्षेत्रगत सीमा निर्धारण, बजेट तथा कार्यक्रमको प्रथमिकीकरण, विषयक्षेत्रगत बजेट तर्जुमा मार्गदर्शन तय गर्नुपर्ने जस्ता कार्यहरु फाल्गुन महिनाभित्र सम्पन्न गरिसक्नुपर्ने र बजेट प्रक्षेपण गर्दा बजेट वर्ष पछिको थप दुई वर्षको समेत प्रक्षेपण तयार गर्नुका साथै तयार भएको आगामी आर्थिक वर्षको बजेट सीमा प्रमुख प्रशासकिय अधिकृतले चैत्र १५ गतेभित्र पालिकाका विषयगत शाखा तथा वडा समितिलाई उपलब्ध गराउनुपर्ने कानुनी व्यवस्था रहेकोमा पालिकाले समितिको गठन गरेको छैन । ऐनमा व्यवस्था भए अनुसार बजेट सीमा लगायत क्षेत्रगत विषय समेटी बजेट प्रक्षेपण सम्बन्धी नियम तथा कार्यविधि तर्जुमा गरेकोमा सोको पालनामा सम्बन्धित पदाधिकारीको ध्यान जानुपर्दछ । | |

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td>८</td><td></td><td></td><td>धरौटी<br>सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२४(२)क मा विल विजकको भुक्तानीमा कट्टि गरिएको रिटेन्सन मनि वापतको ५ प्रतिशतले हुने रकम धरौटी फिर्ता गर्दा कर कार्यालयमा कर विवरण पेश गरेको प्रमाण पेश गर्नु पर्ने व्यवस्था छ । पालिकाले निम्न उल्लिखित फर्म तथा कन्स्ट्रक्सन को धरौटी फिर्ता गर्दा सम्बन्धित फर्मको मुल्य अभिबृद्धी कर समायोजन पत्र संलग्न नगरी धरौटी फिर्ता गरेको देखिएकोले सो को प्रमाण पेश गर्नुपर्ने रु.
<table>
<tr><th>भौ नं। मिति</th><th>फर्मको नाम</th><th>रकम</th></tr>
<tr><td>४।२०७८।६।२२</td><td>सत्यवती निर्माण सेवा</td><td>३०३१०३</td></tr>
<tr><td>५।२०७८।७।१४</td><td>राधा कृष्ण जगनाथ महाबै निर्माण सेवा</td><td>६२७००</td></tr>
<tr><td>८।२०७८।८।२१</td><td>महेन्द्र निर्माण सेवा</td><td>२६९०००</td></tr>
<tr><td>९।२०७८।८।२९</td><td>सत्यवती निर्माण सेवा</td><td>२८५६०२</td></tr>
<tr><td>१०।२०७८।९।१</td><td>शिभिल निर्माण सेवा</td><td>१६२०२१</td></tr>
<tr><td>२२।२०७८।११।१८</td><td>विराज पशु पालन फर्म</td><td>१५७५००</td></tr>
<tr><td>२३।२०७८।११।१८</td><td>निहित फर्मास्युटिकल</td><td>३०७००</td></tr>
<tr><td>२७।१०७९।१।९</td><td>शिशिर ग्रिष्म एकीकृत फर्म</td><td>२५०००</td></tr>
<tr><td colspan="2">जम्मा रु</td><td>१२९५६२६</td></tr>
</table></td><td>१,२९५,६२६</td></tr>
<tr><td>९</td><td></td><td></td><td>आन्तरिक आय तथा राजस्व</td><td></td></tr>
<tr><td>९.१</td><td></td><td></td><td>राजश्व अभिलेख : कार्यालयले राजस्वको अभिलेख अद्यावधिक गरी सोको लेखापरीक्षण गराउने जिम्मेवारी कार्यालय प्रमुखको हुने व्यवस्था रहेको छ । पालिकाबाट रसिद ठेलिहरु छपाई गरेर वडा कार्यालयमा पठाउने गरेकोमा सोको पुरा अभिलेख पालिकामा आएको देखिएन । अधिल्लो आर्थिक वर्षको बाँकी के कति छन एकिन गर्न सकिएन । कार्यालयबाट सवै वडाहरुमा पनि स्वचालित प्रणाली जडान गरी राजस्व संकलन गर्ने तर्फ कार्यालयको ध्यान जानुपर्दछ । यसले गर्दा व्यक्तिहरुले छुट्टै रसिद छपाउने जोखिम विद्यमान रहन्छ । यसको सम्बन्धमा तहाँ कार्यालयबाटै छानविन गर्नुपर्दछ । अतः कार्यलयले आगामी दिनमा रसिद नियन्त्रण तथा राजश्व असूलीलाई स्वचालित प्रणाली मार्फत ब्यवस्थापन सम्बन्धमा विशेष ध्यान पुर्‍याउनुपर्ने देखियो ।</td><td></td></tr>
</table>

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ९.२ | | | **राजश्व दाखिला:** आर्थिक कार्यबिधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ को दफा २८(२) बमोजिम जिम्मेवार व्यक्तिले आफ्नो जिम्मामा आएको सरकारी नगद सोही दिन दाखिला गरी स्रेस्ता खडा गर्नुपर्ने व्यवस्था छ । साथै सोही ऐन अनुसार तोकिएको समयमा राजश्व रकम दाखिला नगरेमा सम्वन्धित तालुक कार्यालयले १० दिन सम्म ढिला गरेको भए १० प्रतिशत जरिवाना गरी नगद दाखिला गर्न लगाई कसूरको मात्रा अनुसार प्रचलित कानून बमोजिम बिभागीय कारवाही समेत गर्न गराउन सक्ने व्यवस्था छ । कार्यालय अन्तर्गत ७ वटा वडा पालिकाले प्राप्त गरेको राजश्व रकम ऐनमा भएको व्यवस्था अनुसार तोकिएको अवधि भित्र दाखिला गरेको छैन । यसरी ढिला हुने गरी राजश्व रकम बैक दाखिला भएको अवधिको कार्यालयले छानविन गरी, जरिवाना रकम असुल गर्नुपर्ने देखिन्छ । कार्यालयले सम्पूर्ण वडा कार्यालयहरुले प्राप्त गरेको आन्तरिक राजश्व रकम र बैकमा दाखिला गरेको विवरणमा कार्यालयले विशेष ध्यान दिनुपर्दछ । | |
| ९.३ | | | **रसिद नियन्त्रण खाता नभएकोः** पालिकाले रसिद नियन्त्रण खाता विना नै ७ वडाका वडा सचिवहरु लाई आर्थिक वर्ष २०७८।७९ को लागि आन्तरिक राजस्व संकलनको लागि राजस्व ठेली प्रदान गरेकोमा हालसम्म कति राजस्व ठेली बाट कति राजस्व संकलन गरेको भन्ने यकिन हुन सकेन । सो कार्य प्रति जिम्मेवार कर्मचारीले रसिद नियन्त्रण खाता वेगर नै राजस्व ठेली वडा सचिवहरुलाई दिने गरेको पाइयो । राजस्व नियन्त्रण खाता बेगर प्रदान गर्ने कर्मचारीले पालिकामा संकलन भएको कुल राजस्व रकमको हिसाब बुझाउनुपर्नेमा सम्बन्धित निकायको ध्यानाकर्षण हुनु पर्दछ । | |
| ९.४ | | | **आयको अनुमानः** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६६ बमोजिम स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समितिले पालिकामा प्राप्त हुने आन्तरिक आय समेतको ब्यवस्थापन गर्न सक्ने ब्यवस्था छ । पालिकाले पेश गरेको आय-व्ययको अनुमानमा आन्तरिक आयतर्फ मालपोत, कर, सेवा शुल्क, दस्तुर वापत अनुमानित रु. ३५ लाख २७ हजार प्राप्त हुने प्रक्षेपण गरेकोमा आर्थिक वर्ष २०७८।७९ मा रु. ४८ लाख ५९ हजार ८ सय ८७ अर्थात अनुमानको १३८ प्रतिशत आय प्राप्त गरेको छ । आम्दानीका अन्य स्रोतको पहिचान गरी आयको अनुमान यथार्थपरक बनाई आय आर्जन बृद्धि गर्नेतर्फ विशेष ध्यान दिन आवश्यक देखिएको छ । | |
| ९.५ | | | **आन्तरिक आयः** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६६ बमोजिम स्रोत अनुमान तथा वजेट सीमा निर्धारण समितिले पालिकामा प्राप्त हुने आन्तरिक आय समेतको व्यवस्थापन गर्न सक्ने व्यवस्था छ । पालिकाले आर्थिक वर्ष २०७८।७९ मा केन्द्रीय अनुदानबाट गरेको खर्चको तुलनामा आन्तरिक आयको स्थिति देहाय बमोजिम छ ।<br><br>केन्द्रिय अनुदानबाट खर्च: ४०८२९२३५७ ; आन्तरिक आय: ४८५९८८७ ; आन्तरिक आय प्रतिशत: १.१९<br><br>उपरोक्त विवरण अनुसार स्थानीय तहमा प्राप्त केन्द्रीय अनुदानबाट भएको खर्चको तुलनामा आन्तरिक आयको हिस्सा १.१९ प्रतिशत मात्र रहेको छ । त्यसैले पालिकाको आन्तरिक आय संकलनको दायरालाई फराकिलो पार्दै आन्तरिक आय बृद्धि गर्नेतर्फ ध्यान दिनुपर्ने देखिन्छ । | |

| केन्द्रिय अनुदानबाट खर्च | आन्तरिक आय | आन्तरिक आय प्रतिशत |
|---|---|---|
| ४०८२९२३५७ | ४८५९८८७ | १.१९ |

| ९.क्रम | भौचर नम्बर | भौचर मिति | विवरण | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | **तथा शुल्क असुली** - स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ५५, ५७, ५८ र ५९ मा एकीकृत सम्पत्ति कर र घरजग्गा कर, घरजग्गा वहाल कर, व्यवसाय कर र वहाल विटौरी शुल्क उठाउने व्यवस्था रहेको छ । ती आय शीर्षकमा आय अनुमान र असुली स्थिति निम्नानुसार रहेको देखिन्छ । | |

| क्र. सं. | राजस्व शिर्षक नं. | राजस्व शिर्षक | अनुमान | प्रगति | प्रगति प्रतिशत | कैफियत |
|---|---|---|---|---|---|---|
| १ | ११३१३ | सम्पत्ति कर | ५०००० | २०६४३.२ | ४१ | |
| २ | ११३१४ | भूमिकर/मालपोत | ३००००० | २६९६०५ | ९० | |
| ३ | ११३१५ | घरजग्गा रजिष्ट्रेशन दस्तुर | १५०००० | ३८०८१३ | २५४ | |
| ४ | ११३२१ | घरबहाल कर | १५०००० | १८६७३६ | १२४ | |
| ५ | ११३२२ | वहाल विटौरी कर | १०००० | ० | ० | |
| ६ | ११६३१ | कृषि तथा पशुजन्य बस्तुको व्यवसायिक कारोबार | ५०००० | १३८०० | २८ | |
| ७ | ११६९१ | अन्य कर | १००००० | २८४५५ | २८ | |
| ८ | १४१५१ | सरकारी सम्पत्तीको बहालबाट प्राप्त आय | ९२५००० | ७३२०९७ | ७९ | |
| ९ | १४१५३ | बाँडफाँडबाट भई प्राप्त हुने वन रोयल्टी | ० | ० | ० | |
| १० | १४२११ | कृषि उत्पादनको बिक्रीबाट प्राप्त रकम | ५०००० | ० | ० | |
| ११ | १४२१२ | सरकारी सम्पत्ति बिक्रीबाट प्राप्त रकम | १०००० | ० | ० | |
| १२ | १४२१३ | अन्य बिक्रीबाट प्राप्त रकम | ५००० | ० | ० | |
| १३ | १४२१९ | अन्य सेवा शुल्क तथा बिक्री ढुङ्गा गिट्टी बालुवा | ४००००० | ३८४६३४ | ९६ | |
| १४ | १४२२१ | न्यायिक दस्तुर | ७००० | ० | ० | |
| १५ | १४२२४ | परीक्षा दस्तुर | १५००० | १२२०० | ८१ | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | | |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | | | | | | |
| १६ | १४२२९ | अन्य प्रशासनिक सेवा शुल्क | ३००००० | २०८००० | ६९ | |
| १७ | १४२४२ | नक्सा पास दस्तुर | ३५००० | ३४९३० | १०० | |
| १८ | १४२४३ | सिफारिस दस्तुर | २५०००० | १३९६३० | ५६ | |
| १९ | १४२४४ | व्यक्तिगत घटना दर्ता दस्तुर | १५०००० | १८३६०० | १२२ | |
| २० | १४२४५ | नाता प्रमाणित दस्तुर | ४०००० | ४४८०० | ११२ | |
| २१ | १४२४९ | अन्य दस्तुर | २५००० | २८४५५ | ११४ | |
| २२ | १४२५३ | व्यवसायिक रजिष्ट्रशन दस्तुर | ० | २०००० | १०० | |
| २३ | १४३१२ | प्रशासनिक दण्ड जरिवाना र जफत | ५००० | १६३००० | ३२६० | |
| २४ | १४३१३ | धरौटी सदर स्याहा | ० | ० | ० | |
| २५ | १४५२९ | अन्य राजश्व | ३००००० | १९१७५४० | ६३९ | |
| २६ | १४६११ | व्यवसाय कर | १५०००० | ० | ० | |
| २७ | १५१११ | बेरुजु | ५०००० | ९०९५० | १८२ | |
| | | जम्मा | ३५२७००० | ४८५९८८७.३७ | १३८ | |

पालिका भित्र रहेका करदाताहरुको अभिलेख व्यवस्थित नरहेको एवं बुझाउन ल्याएको अवस्थामा मात्र कर एवं शुल्क बुझ्ने परिपाटी रहेकोले उल्लिखित असुली यथार्थ मान्न सक्ने अवस्था देखिएन ।तसर्थ आफ्नो क्षेत्रभित्र करदाताको अभिलेख अद्यावधिक गरी करको दायारामा ल्याउनु पर्दछ ।

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| १० | | | **आर्थिक सहायता र अन्य विविध खर्च** | |
| १०.१ | | | **आर्थिक सहायता**– स्थानीय सरकार सञ्चालन ऐन, २०७४ मा स्थानीय तहको रकमबाट आर्थिक सहायता, चन्दा, पुरस्कार एवं संस्थागत अनुदान वितरण गर्न पाउने व्यवस्था रहेको देखिंदैन । पालिकाले यस वर्ष पालिको विपद व्यवस्थापन मापदण्ड, २०७५ अनुसार रु. २,३५,०००।- आर्थिक सहायता वितरण गरेका छन् । आर्थिक सहायता खर्च लेख्ने कार्यमा नियन्त्रण गर्नुपर्दछ । | |
| १०.२ | | | **खाना तथा विविध खर्च** – स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७१ बमोजिम व्ययको बजेट अनुमान आन्तरिक आयको परिधिभित्र रही औचित्यताको आधारमा विविध खर्च गर्नुपर्ने व्यवस्था छ । पालिकाले यस वर्ष खाना तथा विविध तर्फ मात्र रु. १५ लाख ८५ हजार ८३ खर्च गरेको छ । पालिकाको आन्तरिक आय न्यून रहेकोले यस्तो खर्चमा नियन्त्रण गर्नुपर्दछ । | |
| १०.३ | | | **महोत्सव खर्चः** स्थानीय सरकार संचालन ऐन, २०७४ ले संस्था, समूह, पर्व, जात्रा, विरामी, संस्कृति लगायतमा आर्थिक सहायता दिन सक्ने कानूनी व्यवस्था गरेको देखिँदैन । पालिकाले यस वर्ष कुल रु १,९५,०००।- उत्सव महोत्सव, धार्मिक, सामाजिक, सांस्कृतिक प्रकृतिका कार्यमा खर्च गर्ने पद्धतिलाई नियन्त्रण गर्नुपर्दछ । | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ११ | | | **सेवाप्रवाहको स्थिति**<br>स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ अनुसार स्थानीय तहले आफ्नो अधिकारक्षेत्र भित्रका विषयमा ऐन बनाउन तथा सोको अधिनमा रही आवश्यकता अनुसार नियम, निर्देशिका, कार्यविधि र मापदण्ड बनाई कार्यान्वियनमा ल्याउन सक्ने ब्यवस्था अनुसार २१ वटा ऐन, ९ वटा नियमावली र ४२ बटा कार्यबिधि स्वीकृत गरी कार्यान्वियनमा ल्याएको छ । यस वर्ष पालिकाबाट निम्नअनुसार सेवाप्रवाह गरेको विवरण प्राप्तभएको छ : | |

| विवरण | जम्मा |
|---|---|
| स्वीकृत घरनक्सा दर्ता पास | ४ |
| पञ्जिकरणतर्फ | |
| जन्मदर्ता | ९७७ |
| मृत्युदर्ता | १४४ |
| बसाईसराई दर्ता | १०१ |
| विवाह दर्ता | २७३ |
| सम्बन्धविच्छेद दर्ता | ४ |
| पूर्वाधार विकास सडक निर्माण | |
| कालोपत्रे सडक निर्माण | ० |
| कालोपत्रे सडक मर्मत | ० |
| ग्राभेल सडक निर्माण | ० |
| ग्राभेल सडक मर्मत | ० |

स्थानीय सरकार सञ्चालन ऐन,२०७४ अनुसार पालिकाबाट प्रदान गरिने सेवाप्रवाहमध्ये पुर्वाधार निर्माणको लक्ष्य सहित प्रगति हासिल गर्नुपर्नेमा पञ्जिकरण बाहेकका अन्य सेवा सञ्चालनमा सन्तोषजनक देखिएन । वस्ति विकासको कामलाई व्यवस्थित गर्न घर नक्सा पासलाई प्राथमिकता दिनुका साथै पालिकाको पूर्वाधार निर्माणमा जोड दिनु पर्दछ ।

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| १२ | | | **संगठन तथा कर्मचारी व्यवस्थापन** | |
| १२.१ | | | **प्रशासकीय संगठन र कर्मचारी व्यवस्थापन**– स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८३ बमोजिम स्थानीय तहको कार्यबोझ, राजस्व क्षमता, खर्चको आकार र स्थानीय आवश्यकता समेतलाई ध्यानमा राखी कर्मचारी समायोजन भएपछि मात्र संगठन तथा व्यवस्थापन सर्वेक्षणका आधारमा स्थानीय तहमा संगठन संरचना कायम हुने व्यवस्था छ । पालिकामा ७९ दरबन्दी स्वीकृत रहेकोमा लेखापरीक्षण अवधि सम्म प्रमुख प्रशासकीय अधिकृत सहित ५५ जना पदपूर्ती भएको देखिन्छ । लेखापरीक्षणको क्रममा प्राप्त विवरण अनुसार कार्य व्यवस्थापनका दृष्टिकोणले महत्वपूर्ण मानिएका इन्जिनियर, अधिकृत छैटौं सहित २४ पदहरु रिक्त रहेका छन् । दरबन्दी बमोजिम जनशक्तिको पूर्णता नहुँदा विषयगत कार्यक्रम सञ्चालन, सेवा प्रवाह तथा पालिकाको समग्र कार्य सम्पादनमा असर परेको स्थिति छ । तसर्थ रिक्त पदहरु यथाशक्य छिटो पूर्ति गरी सेवा प्रवाह प्रभावकारी बनाउनुपर्दछ । | |

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td>१२.२</td><td></td><td></td><td>करार कर्मचारी: स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८३ (८) मा नगर प्रहरी, सवारी चालक, सयस, बगैंचे, प्लम्बर लगायतका पद तथा सेवामा बाहेक करारमा नियुक्त गर्न पाइने व्यवस्था छैन । पालिकाले उल्लेखित पदहरुमा बाहेक कर्मचारी करारमा नियुक्त गरी तलव भत्ता रु. ५३,०५,२७०।- भुक्तानी गरेको पाइयो । ऐनको व्यवस्था विपरीत कर्मचारी नियुक्त गरी भुक्तानी गर्ने कार्य नियमसम्मत नदेखिएको रु.
<table>
<tr><th>पद</th><th>नियुक्ति संख्या</th><th>तलव भत्ता रु.</th></tr>
<tr><td>इन्जिनियर</td><td>१</td><td>६०९४७०</td></tr>
<tr><td>स इ</td><td>३</td><td>११७७८००</td></tr>
<tr><td>अ स इ</td><td>२</td><td>७४३६००</td></tr>
<tr><td>प्रशासन सहायक</td><td>२</td><td>७३८४००</td></tr>
<tr><td>स्टाफ नर्स</td><td>२</td><td>७८५२००</td></tr>
<tr><td>फार्मेसी</td><td>१</td><td>१९१२००</td></tr>
<tr><td>ल्याव असिस्टेन्ट</td><td>१</td><td>२९६०००</td></tr>
<tr><td>अध्यक्ष</td><td>१</td><td>३८१८००</td></tr>
<tr><td>मुख्य व्यवस्थापक</td><td>१</td><td>३८१८००</td></tr>
<tr><td colspan="2">जम्मा रकम रु</td><td>५३०५२७०</td></tr>
</table>
</td><td>५,३०५,२७०</td></tr>
<tr><td>१३</td><td></td><td></td><td>पेश्की व्यवस्थापन</td><td></td></tr>
<tr><td>१३.१</td><td></td><td></td><td>अग्रिम पेश्की जमानत: सार्वजनिक खरिद ऐनको खरिद नियमावली, २०६४ को नियम ११३(३) बमोजिम पेश्की दिँदा आपूर्तिकर्ता, निर्माण व्यवसायी वा सेवा प्रदायकबाट त्यस्तो पेश्की रकम र फर्स्यौट हुने समयअवधि खाम्ने गरी पेश्की वैक जमानत पेश गर्नुपर्ने व्यवस्था छ । पालिकाले सामुदायिक स्वास्थ्य भवन निर्माण गर्दा जि.आई कन्सट्रक्सन प्रा लि लाई रु.२०,७९,६००।- पेश्की भुक्तानी गर्दा रु.२०,००,०००।- बराबरको मात्र अग्रिम पेश्की जमानत पेश गरेको देखिएकोले अग्रिम पेश्की जमानतले नखाम्ने पेश्की रु.७९,६००।– असुल गर्नु पर्ने रु.</td><td>७९,६००</td></tr>
</table>

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| १३.२ | | | **म्याद ननाघेको पेश्की -** आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ५२ मा पेश्की रकमको विवरण तयार गरी म्याद नाघेको र म्याद ननाघेको छुट्टाछुट्टै अभिलेख राखी एकीकृत लगत तयार गर्नु पर्ने व्यवस्था छ । पालिकाले यस वर्ष निम्नानुसार रु.२०,७९,६००।- पेश्की दिएको छ । उक्त पेश्की आर्थिक वर्षको अन्तसम्म म्याद ननाघेतापनि सोको अभिलेख व्यवस्थित गरी फस्र्यौट गर्नुपर्दछ ।<br><br>पेश्कीको विवरण \| पेश्की लिने ब्यक्ती, फर्म वा कम्पनीको नाम \| म्याद ननाघेको<br>सामुदायिक स्वास्थ्य ईकाइ भवन निर्माण \| जी.वाई कन्स्ट्रक्सन प्रा.ली \| २०,७९,६०० | |
| १४ | | | **सम्पत्ति उपयोग र संरक्षण** | |
| १४.१ | | | **सम्पत्ति व्यवस्थापन:** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ९७, ९८ र १०४ अनुसार पालिकाले सम्पत्तिको व्यवस्थित अभिलेख तथा जिन्सी लगत तयार नगरेको, कम्प्युटर, ल्यापटप, प्रिन्टर, मोबाईल फोन सेट जस्ता मूल्यवान सामानहरु जिम्मेवारी सारेको पाईएन । हस्तान्तरण भई आएको र खरिद गरिएका मालसामानहरुको प्रकृति अनुसार सम्बन्धित जिन्सी खातामा आम्दानी जनाई जिन्सी खाता अद्यावधिक गर्नुपर्दछ । साथै नेपाल सरकारको २०७७।७।२० को निर्णय अनुसार लागू भएको सार्वजनिक सम्पत्ति व्यवस्थापन प्रणाली आंशिक मात्र प्रयोग गरेको पाइएकोले सम्पत्ति व्यवस्थापनमा आवश्यक सुधार गर्नुपर्दछ । | |
| १४.२ | | | **सरकारी तथा सार्वजनिक जग्गा संरक्षण, उपयोग तथा हक हस्तान्तरण -** स्थानीय सरकार सञ्चाल ऐन, २०७४ को दफा ९७ मा गाउँपालिका तथा नगरपालिकाले आफ्नो क्षेत्रभित्रको सरकारी सामुदायिक तथा सार्वजनिक सम्पत्तिको रेखदेख, मर्मत सम्भार र संरक्षण गर्नुपर्ने व्यवस्था छ । पालिकाले आफ्नो क्षेत्रभित्रको सार्वजनिक सम्पत्तिको मर्मत सम्भार एवं संरक्षण गरेको तथा अभिलेख राखेको पाइएन । पालिकाले आफ्नो क्षेत्रभित्रको सम्पत्तिको रेखदेख मर्मत सम्भार एवं संरक्षण गर्नु गराउनु पर्दछ । | |
| १५ | | | **कानून निर्माण एवं कार्यान्वयन** | |
| १५.१ | | | **न्यायीक समिति** – स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ४६ देखि ५३ सम्म न्यायिक समितिको अधिकार क्षेत्र तथा न्याय सम्पादन प्रक्रियाको व्यवस्था गरेको छ । समितिमा परेको उजुरीमध्ये मेलमिलाप प्रकृतिका आधारमा विवाद दर्ता भएको ३ महिनाभित्र टुङ्गो लगाउने व्यवस्था छ । तर लेखापरीक्षणको क्रममा प्राप्त विवरण अनुसार यो बर्ष ६ विवाद दर्ता भएकोमा सबै विवाद फर्छोट भएको देखिन्छ । | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
| --- | --- | --- | --- | --- |
| १५.२ | | | **कानून र सञ्चालन स्थिति**– स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ अनुसार स्थानीय तहहरुले आफ्नो अधिकारक्षेत्र भित्रका विषयमा ऐन तथा सोको अधिनमा रही नियम निर्देशिका, कार्यविधि र मापदण्ड बनाई कार्यान्वयनमा ल्याउन सक्ने व्यवस्था छ । जसअनुसार स्थानीय तह सञ्चालनको लागि संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयबाट ३० नमूना कानूनहरु बनाई उपलब्ध गराएकोमा यस पालिकाले हालसम्म २१ वटा ऐन, ९ वटा नियमावली, ४२ कार्यविधि लगायत ७२ वटा कानुन निर्माण गरेको छ । उक्त कानूनहरु कार्यान्वयनमा ल्याउनु पर्दछ । | |
| १६ | | | **सुचना प्रविधि** | |
| १६.१ | | | **सूचना प्रविधि पद्धतिः** सूचना प्रविधि नियन्त्रण वातावरणमा कार्यालयको कारोवारसँग लेखापालन, अभिलेख, प्रतिवेदन लगायतका सूचना प्रविधि सँग सम्बन्धित प्रणाली व्यवस्था, प्रवेश नियन्त्रण लगायतका विषय समावेश हुन्छन् । सूचना प्रविधि नियन्त्रण वातावरणका सम्बन्धमा पालिकाले निम्न अनुसारका कार्य गरेको छैनः<br>• कार्यालय स्वयंको नियन्त्रणमा रहेका सूचना प्रविधि पद्धतिमा सुरक्षा, अख्तियारी, भण्डारण र ब्याकअप आन्तरिक रुपले भरपर्दो नभएको ।<br>• सूचना प्रविधि पद्धतिमा युजर एक्सेस व्यवस्थापन सम्बन्धित सफ्टवेयर म्यानुअल अनुसार र मलेप फाराम ९०१ र ९०२ बमोजिम कार्यान्वयन नगरेको ।<br>• सफ्टवेयर म्यानुअलमा तोकिए अनुसार सेक्युरिटी प्रोटोकल र सुरक्षण विधि लागू नगरेको र त्यसको अभिलेख मलेप फाराम ९०३ मा नराखेको ।<br>• सफ्टवेयर फेलरका वा अन्य असामान्य अवस्थामा भरपर्दो वैकल्पिक व्यवस्था नभएको । | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| १६.२ | | | **सफ्टवेयर खरिद -** नेपाल सरकारको सूचना प्रविधि प्रणाली (व्यबस्थापन तथा सञ्चालन) निर्देशिका, २०७१ को बुँदा नं.४.१ मा कुनै सरकारी निकायले आफ्नो कार्य विद्युतीय माध्यमबाट सञ्चालन गर्नका लागि प्रयोग गर्ने सूचना प्रविधि प्रणालीको निर्माण गर्दा त्यस्तो प्रणाली सम्बन्धी कागजात तयार गरी मानक अनुरुप भए नभएको निर्धारण गर्न सूचना प्रविधि विभागबाट स्वीकृत गराउनुपर्ने व्यबस्था रहेको छ । पालिकाले निम्न अनुसारका सफ्टवेयर खरिद गरी रु. १२,५७,४००।– खर्च गरेकोमा खरिद भएका सफ्टवेयरको सूचना तथा प्रविधि विभागबाट स्वीकृत लिएको देखिएन । विभागबाट स्वीकृति लिएर मात्रै सफ्टवेयर खरिद गरिनुपर्दछ । | |

| क्र सं | सफ्टवेयरको नाम | प्रयोजन | रकम |
|---|---|---|---|
| १ | दर्ता चलानी | दर्ता चलानी व्यस्थित गर्न | ६१०२०० |
| २ | अस्पताल व्यवस्थापन प्रणाली | दैनिक आम्दानी यकिन हुने | ४९७२०० |
| ३ | स्मार्टरोड सफ्टवेयर | | १५०००० |
| जम्मा रु | | | १२५७४०० |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| १७ | | | **डकुमेन्ट्री निर्माण:** आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९(१०) सरकारी खर्च लेख्नु अघि संलग्न कागजात अनुसार रित पुगे नपुगेको जाँच गर्नुपर्ने उल्लेख छ । सरकारी खर्च गर्दा उचित प्रतिफल दिने क्षेत्रमा खर्च गर्नुपर्दछ । पालिकाले निम्नानुसार डकुमेन्ट्रि निर्माण गरी रु.९,९६,५६९।– भुक्तानी गरेकोमा उक्त डकुमेन्ट्रि उद्धेश्य बमोजिम प्रभावकारी हुने देखिएन । सरकारी खर्च प्रभावकारी क्षेत्रमा खर्च गर्नु पर्नेमा कार्यालयको अवश्यकता नभएको क्षेत्रमा खर्च गर्ने कार्य नियन्त्रण गरिनु पर्दछ । | |

| भौ नं / मिति | विवरण | संस्था | जम्मा रु |
|---|---|---|---|
| ४७३।२०७९।३।१६ | नदीजन्य उत्खनन कार्य को भिडियो निर्माण | धमाका राष्ट्रिय दैनिक पत्रिका | ६७७०९ |
| ५७९।२०७९।३।२५ | भिडियो निर्माण | मिडिया जनरल प्रा लि | ९२८८६० |
| जम्मा रु | | | ९९६५६९ |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| १८ | | | **बैठक भत्ता**<br>अर्थमन्त्रालय बजेट तथा कार्यक्रम महाशाखाको कार्य संचालन निर्देशिका, २०७७ को दफा ७.१.१ वैठक भत्ताको मापदण्ड सि.नं. १ मा एउटै निकाय र अन्तर्गतका पदाधिकारी तथा कर्मचारी वस्ने वैठकमा भत्ता प्रदान नगर्ने उल्लेख छ । पालीकाले विभिन्न समयमा विभिन्न समिति तथा कार्यहरुमा भएको बैठक वापत कार्यालयकै कर्मचारी तथा पदाधिकारी मात्र उपस्थिति भएकोले बैठक भत्ता भुक्तानी गर्न नमिल्ने देखिएको असुल गर्नुपर्ने रु. | २६०,१०० |
| १९ | | | **करार कर्मचारीलाईभुक्तानीः** | |

| भौ नं / मिति | विवरण | जम्मारु | कैफियत |
|---|---|---|---|
| २१४।२०७९।३।२४ | ७ जना | ८६७०० | मूल्यांकन समितिको बैठक |
| ३३९।२०७९।१।१६ | ६ जना | १३३८७५ | खरिद ईकाइको बैठक |
| ५५४।२०७९।३।२५ | ६ जना | ३९५२५ | खरिद ईकाइको बैठक |
| जम्मा रु | | २६०१०० | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| १९.१ | | | **करार कर्मचारीलाई फिल्ड भत्ता भुक्तानीः** करारमा कार्यरत कर्मचारीहरुलाई कुनै पनि किसिमका भत्ता भुक्तानी दिन पाउने व्यवस्था छैन । पालिकाले निम्न कर्मचारीहरुलाई विभिन्न महिनाको फिल्ड भत्ता वापतको रकम एकमुष्ठ रुपमा भुक्तानी गरेकोले सो रकम सम्बन्धितबाट असुल गरी दाखिला गर्नुपर्ने रु. | ४२७,८०० |

| क्र सं | नाम | पद | महिना | दर | कर बाहेकको भुक्तानी रु |
|---|---|---|---|---|---|
| १ | वलदिप कुमार खाण | इन्जिनियर | ९ | १२००० | ९१२०० |
| २ | खगेन्द्र शर्मा | सव इन्जिनियर | ९ | ९००० | ६८८५० |
| ३ | राजु खत्री | सव इन्जिनियर | ९ | ९००० | ६८८५० |
| ४ | मदन वि क | सव इन्जिनियर | ८ | ९००० | ६१२०० |
| ५ | ज्ञान बहादुर थापा | असिस्टेन्ट सव इन्जिनियर | ९ | ९००० | ६८८५० |
| ६ | दिपकराज अधिकारी | असिस्टेन्ट सव इन्जिनियर | ९ | ९००० | ६८८५० |
| जम्मा रु | | | | | ४२७८०० |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| १९.२ | | | **करार कर्मचारीलाई भत्ता भुक्तानीः** करारमा कार्यरत कर्मचारीहरुलाई कुनै पनि किसिमका भत्ता भुक्तानी दिन पाउने व्यवस्था छैन । पालिकाले निम्न कर्मचारीहरुलाई वर्षभरी स्थानीय भत्ता भुक्तानी गरेकोले सो रकम सम्बन्धितबाट असुल गरी दाखिला गर्नुपर्ने रु. | ४९०,८६० |
| २० | | | **विल भरपाई** | |

| क्र सं | नाम | पद | मासिक रु | जम्मा भुक्तानी रु |
|---|---|---|---|---|
| १ | वलदिप कुमार खाण | इन्जिनियर | ८८०० | १०५६०० |
| २ | खगेन्द्र प्रसाद शर्मा | सब ईन्जिनियर | ५५१० | ६६१२० |
| ३ | राजु खत्री | सब ईन्जिनियर | ५५१० | ६६१२० |
| ४ | गोपाल सलामी मगर | कम्प्यूटर अपरेटर | ५५१० | ६६१२० |
| ५ | दिपकराज अधिकारी | असिस्टेन्ट सब ईन्जिनियर | ४६०० | ५५२०० |
| ६ | भवानी प्रसाद अधिकारी | कार्यालय सहायक | ४६०० | ५५२०० |
| ७ | पूर्ण ब शाही | कार्यालय सहायक | ४६०० | ५५२०० |
| ८ | जय बहादुर शाही | हलुका सवारी चालक | ३५५० | २१३०० |
| जम्मा रु | | | | ४९०८६० |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| २०.१ | | | **विल भरपाई**:आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९(१०) मा विल भरपाईको आधारमा लेखा राख्नुपर्ने व्यवस्था छ । पालिकाले निम्न अवस्थाको विल भरपाई पेश गरी भुक्तानी गरेको देखिएकोले सक्कल विल भरपाई पेश गर्नुपर्ने अन्यथा असुल गर्नुपर्ने रु. | ८३६,९९९ |

| क्र. सं. | भौ.नं. मिति | भुक्तानी पाउने व्यक्ति।फर्म | विलभरपाईको अवस्था | भुक्तानी रकम |
|---|---|---|---|---|
| १ | १०२-२०७९।३।२५ | डाफे अटो पाट्र्स | कार्वन कपि विलको आधारमा भुक्तानी | १२८४९९ |
| २ | ५२४-२०७९।३।२३ | प्रेम बहादुर खड्का | योजना तर्जुमा गर्न फिल्ड खटिएका कर्मचारीको भत्ता प्रेम बहादुर खड्कालाई भुक्तानी गरेकोमा सो वितरण गरेको प्रमाण नभएको | २३३५०० |
| ३ | ५१५-२०७९।३।२२ | पुर्ण बहादुर शाही | टेकबहादुर बोहोरालाई खोर निर्माण गरेवापत दिनु पर्ने रकम सम्बन्धित ले बुझेको प्रमाण नभएको | ५०००० |
| ४ | ५१४-२०७९।३।२२ | पुर्ण बहादुर शाही | भकारो सुधार कार्यक्रमको रकम सम्बन्धित ले बुझेको प्रमाण नभएको | १००००० |
| ५ | ४९८-२०७९।३।२० | ज्वाला रेग्मी | वादि समुदाय कुखुरा पालन कार्यक्रमको रकम सम्बन्धित ले बुझेको प्रमाण नभएको | १००००० |
| ६ | ५०५-२०७९।३।२१ | श्रृष्टी बहुउदेशिय कृषि फर्म | फोटोकपि विलको आधारमा भुक्तानी | १००००० |
| ७ | ४८९-२०७९।३।१९ | कैलास दाजुभाई कृषि तथा पशुपालन फर्म | फोटोकपि विलको आधारमा भुक्तानी | १२५००० |
| | जम्मा | | | ८३६९९९ |

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td>२०.२</td><td></td><td></td><td>विल भरपाई वेगर भुक्तानीः आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९( ५) मा सरकारी रकम खर्च गर्दा त्यस्तो खर्च पुष्ट्याई गर्ने बील भरपाई संलग्न हुनुपर्ने व्यवस्था छ । यसका साथै सोही नियमावलीको ३९ (१०) मा जिम्मेवार व्यक्तिले सरकारी रकमको खर्च लेख्नु अघि त्यस्तो रकम खर्च गर्न वा भुक्तानी दिन आवश्यक बील, भरपाई, र कागजात संलग्न भए वा नभएको तथा संलग्न कागजात अनुसार भूक्तानी दिन रीत पुगे वा नपुगेको जाँच गर्नुपर्ने कुरा उल्लेख गरेको छ । निम्न उल्लिखित विभिन्न कार्यक्रममा विभिन्न सामाग्रीहरु खरिद गरी वितरण गरेको प्रमाण तथा हस्तान्तरण फाराम संलग्न नरहेकोले प्रमाण पेश गर्नुपर्ने अन्यथा असुल गर्नुपर्ने रु.<br>
<table>
<tr><th>भौ नं / मिति</th><th>कार्यक्रम</th><th>विवरण</th><th>परिमाण</th><th>दर</th><th>जम्मा रु</th><th>कैफियत</th></tr>
<tr><td>३८३।२०७९।२।१२</td><td>सामाजिक संस्कार जगेर्ना</td><td>डेक्ची</td><td>४</td><td>७५००</td><td>३००००</td><td>भरपाई तथा हस्तान्तरण नरहेको</td></tr>
<tr><td></td><td></td><td>डाडु पनिउ</td><td>४</td><td>१०००</td><td>४०००</td><td></td></tr>
<tr><td>५४०।२०७९।३।२४</td><td>विपद व्यवस्थापन</td><td>सिपोलिन प्लाष्टिक पाल</td><td>३६ थान</td><td>३५३९</td><td>१४३९६६</td><td>भरपाई तथा हस्तान्तरण नरहेको</td></tr>
<tr><td>८३।२०७८।९।२३</td><td>न्यानो झोला वितरण</td><td>न्यानो झोला</td><td>११४ थान</td><td>७९०</td><td>९००६०</td><td>हस्तान्तरण नभई मौज्दातमा रहेको</td></tr>
<tr><td colspan="5">जम्मा रु</td><td>२६८०२६</td><td></td></tr>
</table></td><td>२६८,०२६</td></tr>
</table>

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| २०.३ | २७५ | २०७८-१२-८ | आर्थिक कार्यविधि तथा वितिय उतरदायित्व नियमावली, २०७७ को नियम ३९( ५) मा सरकारी रकम खर्च गर्दा त्यस्तो खर्च पुष्ट्याइ गर्ने बील भरपाई संलग्न हुनुपर्ने व्यवस्था छ । यसका साथै सोही नियमावलीको ३९ (१०) मा जिम्मेवार व्यक्तिले सरकारी रकमको खर्च लेख्नु अघि त्यस्तो रकम खर्च गर्न वा भुक्तानी दिन आवश्यक बील, भरपाई र कागजात संलग्न भए वा नभएको तथा संलग्न कागजात अनुसार भूक्तानी दिन रीत पुगे वा नपुगेको जाँच गर्नुपर्ने उल्लेख गरेको छ । निम्न उल्लिखित ज्येष्ठ नागरिक सम्मान कार्यक्रममा विभिन्न वडाका व्यक्तिहरुले न्यानो कपडा बुझेको भरपाई संलग्न नरहेकोले सम्बन्धित कार्यक्रम संचालकबाट असुल गर्नुपर्ने रु. | ११,३२५ |

| नाम | वडा नं | विवरण | परिमाण | जम्मा रु |
|---|---|---|---|---|
| मोती भण्डारी | ७ | सुरुवाल मोटो | १ | ९२५ |
| धन बहादुर कामी | ७ | सुरुवाल मोटो | १ | ९२५ |
| जय बहादुर भण्डारी | ७ | सुरुवाल मोटो | १ | ९२५ |
| खड्क बहादुर खड्का | ७ | सुरुवाल मोटो | १ | ९२५ |
| मारी जैसी | ६ | धोती र चोलो | १ | १००० |
| भवनसरा शाही | ५ | धोती र चोलो | १ | १००० |
| दल बहादुर मगर | ५ | सुरुवाल मोटो | १ | ९२५ |
| कालो कामी | ५ | सुरुवाल मोटो | १ | ९२५ |
| लालकला वि क | ३ | धोती र चोलो | १ | १००० |
| साइमल कामी | १ | सुरुवाल मोटो | १ | ९२५ |
| लाल बहादुर वि क | १ | सुरुवाल मोटो | १ | ९२५ |
| मानसिं विष्ट | १ | सुरुवाल मोटो | १ | ९२५ |
| जम्मा रु | | | | ११३२५ |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| २१ | | | **भ्रमण खर्च:**<br>कर्णाली प्रदेश अन्तर्गतका स्थानीय तहका पदाधिकारी तथा सदस्यले पाउने सुविधा सम्बन्धी ऐन, २०७७ तथा भ्रमण खर्च नियमावली, २०६४ बमोजिम कार्यालयको काममा कर्मचारी तथा पदाधिकारीलाई भ्रमण खर्च भुक्तानी गर्दा देखिएका व्यहोराहरु देहाय बमोजिम छन् .<br>· अधिकांश भ्रमणको उद्देश्य र स्पष्ट प्रयोजन कार्यालयकै कामका लागि भएको हो भनी सुनिश्चित हुने विश्वसनीय आधार नदेखिएको ।<br>· नियमानुसार भ्रमण अभिलेख खाता नरहेकाले पदाधिकारी तथा कर्मचारीको भ्रमण सम्बन्धी एकिकृत विवरण प्राप्त हुन नसकेको ।<br>· भ्रमण पश्चात् तोकिए बमोजिम भ्रमण प्रतिवेदन पेश नगरी अधिकांश भ्रमणको भ्रमण खर्च भुक्तानी गर्ने गरेको ।<br>· कतिपय भ्रमणहरु पालिका वा कार्यालयसँग असम्बन्धित नगर/ गाँउपालिका गएको जनाई सो वापतको खर्च भुक्तानी गर्ने गरेको ।<br>· स्पष्ट प्रयोजन बेगर वडा अध्यक्ष सहितका पदाधिकारीको ७ दिनको भ्रमण आदेश स्वीकृत गरी भुक्तानी गर्ने गरेको ।<br>तोकिएको कानुनी व्यवस्थाको पालना गर्दै भ्रमण खर्चमा हुन सक्ने अनियमितता र दुरुपयोग नियन्त्रण गर्न भ्रमण आदेश स्वीकृत गर्ने पदाधिकारीले ध्यान दिनुपर्दछ । | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| २१.१ | | | **भ्रमण भत्ताः** भ्रमण खर्च नियमावली, २०६४ को नियम २३ मा भ्रमण खर्च लिने प्रयोजनका लागि भ्रमण गर्ने कुनै पदाधिकारी वा कर्मचारीले झुट्टा विवरण पेश गरी भुक्तानी लिएको ठहरेमा झुट्टा विवरण पेश गरी भुक्तानी लिएको रकमको दोब्बर रकम निजले पाउने तलबबाट कट्टा गरी लिइने व्यवस्था छ । भ्रमण आदेश र प्रतिवेदन विना भ्रमण गर्न नहुने तथा भ्रमण भत्ता दिँदा मिति, स्थान तथा प्रयोजन स्पष्ट हुनुपर्ने व्यवस्था छ । निम्न बमोजिमका कर्मचारीलाई भ्रमण खर्च वापत बढी भुक्तानी गरिएकोमा भुक्तानी दिने कर्मचारीलाई समेत जिम्मेवार बनाई असुल उपर गर्नुपर्ने रु. | ३५,४५० |

| भौ नं / मिति | नाम | पद | भ्रमण अवधि | भ्रमण स्थान | भुक्तानी रकम | कैफियत |
|---|---|---|---|---|---|---|
| ३३५।२०७९।१।१४ | मान बहादुर विश्वकर्मा | अ छैठौं | ०७८।१०।५ -१०।१२ | सुर्खेत | ६४०० | पालिकाबाट सुर्खेत भ्रमण गएको यकिन हुन सकेन |
| | मान वहादुर थापा | वडा सचिव | ०७८।५।९-५।१३ | सुर्खेत | ५४०० | मोटरसाईकल मर्मत |
| २९२।२०७९।३।१९ | टोप बहादुर बुढा | अ छैठौं | ०७८।४।२६-४।३१ | स्पष्ट नभएको | ९२५० | विलमा सुर्खेत काज, हाजिर किताबमा दैलेख काज |
| ३३५।२०७९।३।२३ | टिकाराम विष्ट | स्वास्थ्य प्रमुख | ०७९।३।१८-३।३१ | विभिन्न स्थान | ६२०० | लगातार १६ दिन काज अन्य छानविन गर्नुपर्ने |
| १५३।२०७८।१२।१५ | टिकाराम विष्ट | स्वास्थ्य प्रमुख | ०७८।११।२७-१२।३ | विभिन्न स्थान | ८२०० | लगातार १५ दिन काज अन्य छानविन गर्नुपर्ने |
| | जम्मा रु | | | | ३५४५० | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| २१.२ | | | **स्थानीय भ्रमण**ः भ्रमण खर्च नियमावली, २०६४ को नियम ७ (८) मा रात बिताउनुपर्ने गरी खटिएको स्थानदेखि पन्ध्र किलोमिटरभित्र भ्रमण वा काजमा रहँदा दैनिक भत्ता खर्च नपाउने व्यवस्था छ । पालिकाका निम्न उल्लिखित कर्मचारीलाई १५ किलोमिटर भित्र विभिन्न स्थानमा भ्रमण गरे वापतको रकम सम्बन्धितबाट असुल गर्नुपर्ने रु. | २४,१०० |

| भौ नं / मिति | नाम | पद | भ्रमण अवधि | स्थान | जम्मा भुक्तानी | कैफियत |
|---|---|---|---|---|---|---|
| ३५३।२०७९।३।२४ | विकास बहादुर जि सी | अधिकृत छैठौं | २०७९।१।४-१।९ | पगनाथ, रुम, मेहलतोली | १०००० | मेड्पा कार्यक्रमको अनुगमन |
| ३२७।२०७९।३।२२ | भगवती कुमारी खत्री | उद्यम विकास सहजकर्ता | २०७९।३।१५-३।१८ | पगनाथ, रुम, मेहलतोली | ३९०० | मेड्पा कार्यक्रमको अनुगमन |
| १४२।२०७८।१२।२ | भगवती कुमारी खत्री | उद्यम विकास सहजकर्ता | २०७९।६।१०-६।१४ | जगनाथ | ५१०० | पि रा ए कार्यक्रम |
| | सरिता थापा | उद्यम विकास सहजकर्ता | २०७९।६।१०-६।१४ | जगनाथ | ५१०० | पि रा ए कार्यक्रम |
| जम्मा रु | | | | | २४१०० | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| २२ | | | **पदाधिकारी बैठक** | |
| २२.१ | | | **पदाधिकारी बैठक भत्ताः** कर्णाली प्रदेश स्थानीय तहका पदाधिकारी तथा सदस्यहरुको सुविधा सम्बन्धी ऐन, २०७७ को दफा १० मा स्थानीय तहका पदाधिकारी र सदस्यहरुलाई बैठक भत्ता वापत ऐनको अनुसुची २ बमोजिम बैठकभत्ता वापत प्रति महिना बढीमा ३ वटा मात्र बैठकको प्रति वैठक रु.१,५००।- बैठक भत्ता दिने तथा सोही ऐनको दफा १५(२) मा सो ऐनले व्यवस्था गरेको भन्दा बाहेक अन्य कुनै सुविधा नदिने उल्लेख छ । पालिकाका पदाधिकारीले वडा समितिको बैठक भत्ता समेत बुझिसकेको अवस्थामा समेत निम्नानुसार बैठक भत्ता बुझेको देखिएकोले असुल गर्नु पर्ने रु. | २४२,२५० |

| **भौ नं / विवरण** | **नाम** | **पद** | **विवरण** | **जम्मा रु** | **कैफियत** |
|---|---|---|---|---|---|
| ३६४।२०७९।२।५ | मानबहादुर बुढा | वडा अध्यक्ष | १७ | २१६७५ | गाउँकार्यपालिका बैठक |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | | | | | | | | बेरुजु रकम |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | कर्ण बहादुर शाही | वडा अध्यक्ष | १६ | २०४०० | | | |
| | | | | | दान बहादुर खड्का | वडा अध्यक्ष | ११ | १४०२५ | | | |
| | | | | | कृष्ण बहादुर थापा | वडा अध्यक्ष | १५ | १९१२५ | | | |
| | | | | | कृष्ण बहादुर शाही | वडा अध्यक्ष | १६ | २०४०० | | | |
| | | | | | विरशंकर रोकाय | वडा अध्यक्ष | १५ | १९१२५ | | | |
| | | | | | रत्न बहादुर शाही | वडा अध्यक्ष | १३ | १६५७५ | | | |
| | | | | ३६५।२०७९।२।५ | मानबहादुर बुढा | वडा अध्यक्ष | ३ | ३८२५ | गाउँसभाको बैठक | | |
| | | | | | कर्ण बहादुर शाही | वडा अध्यक्ष | ३ | ३८२५ | | | |
| | | | | | दान बहादुर खड्का | वडा अध्यक्ष | ३ | ३८२५ | | | |
| | | | | | कृष्ण बहादुर थापा | वडा अध्यक्ष | ३ | ३८२५ | | | |
| | | | | | कृष्ण बहादुर शाही | वडा अध्यक्ष | ३ | ३८२५ | | | |
| | | | | | विरशंकर रोकाय | वडा अध्यक्ष | ३ | ३८२५ | | | |
| | | | | | रत्न बहादुर शाही | वडा अध्यक्ष | ३ | ३८२५ | | | |
| | | | | | बाल बहादुर थापा | वडा सदस्य | ३ | ३८२५ | | | |
| | | | | | क्षेत्र बहादुर थापा | वडा सदस्य | ३ | ३८२५ | | | |
| | | | | | शुशिला वि क | वडा सदस्य | ३ | ३८२५ | | | |
| | | | | | राम बहादुर रावत | वडा सदस्य | ३ | ३८२५ | | | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | | | | | | | | बेरुजु रकम |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | | | | |
| | | | | | दिल बहादुर विश्वकर्मा | वडा सदस्य | ३ | ३८२५ | | | |
| | | | | | सितला जैसी | वडा सदस्य | ३ | ३८२५ | | | |
| | | | | | जय बहादुर खड्का | वडा सदस्य | ३ | ३८२५ | | | |
| | | | | | चाउरो कामी | वडा सदस्य | ३ | ३८२५ | | | |
| | | | | | सिता वि क | वडा सदस्य | ३ | ३८२५ | | | |
| | | | | | रत्ना कामी | वडा सदस्य | ३ | ३८२५ | | | |
| | | | | | गणेश प्रसाद अधिकारी | वडा सदस्य | ३ | ३८२५ | | | |
| | | | | | पृथ्वी बहादुर सिंह | वडा सदस्य | ३ | ३८२५ | | | |
| | | | | | गणेश प्रसाद शर्मा | वडा सदस्य | ३ | ३८२५ | | | |
| | | | | | ईन्द्रा कामी | वडा सदस्य | ३ | ३८२५ | | | |
| | | | | | कमला खत्री | वडा सदस्य | ३ | ३८२५ | | | |
| | | | | | कौशिला वि क | वडा सदस्य | ३ | ३८२५ | | | |
| | | | | | नगेन्द्र बहादुर रोकाय | वडा सदस्य | ३ | ३८२५ | | | |
| | | | | | विर बहादुर सिंह | वडा सदस्य | ३ | ३८२५ | | | |
| | | | | | सिता कुमारी थापा | वडा सदस्य | ३ | ३८२५ | | | |
| | | | | | लालसरा नेपाली | वडा सदस्य | ३ | ३८२५ | | | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | (continued table, see below) | |
| २२.२ | | | **न्यायीक समिति बैठक:** कर्णाली प्रदेश स्थानीय तहका पदाधिकारी तथा सदस्यहरुको सुविधा सम्बन्धी ऐन, २०७७ को दफा ११(२)मा न्यायिक समितिको बैठक बसेवापत प्रति महिना २ वटा बैठकको प्रति बैठक रु.५०० का दरले बैठक भत्ता भुक्तानी गर्न मिल्ने उल्लेख छ । पालिकाले न्यायीक समितिको बैठक बसेको भनी तोकिएको दर भन्दा बढी निम्नानुसारको बैठक भत्ता भुक्तानी गरेको देखिएकोले असुल गर्नुपर्ने रु. | २६,३५० |
| २२.३ | 342 | २०७९-६-२४ | **पदाधिकारी बैठक भत्ता:** कर्णाली प्रदेश स्थानीय तहका पदाधिकारी तथा सदस्यहरुको सुविधा सम्बन्धी ऐन, २०७७ को दफा १० मा स्थानीय तहका पदाधिकारी र सदस्यहरुलाई बैठक भत्ता वापत ऐनको अनुसुची २ बमोजिम बैठकभत्ता वापत प्रति महिना बढीमा ३ वटा मात्र बैठकको प्रति वैठक रु.१,५००।- बैठक भत्ता दिने तथा सोही ऐनको दफा १५(२) मा सो ऐनले व्यवस्था गरेको भन्दा बाहेक अन्य कुनै सुविधा नदिने उल्लेख छ । पालिकाका पदाधिकारीले वडा समितिको बैठकको बैठक भत्ता बुझिसकेको अवस्थामा समेत निम्नानुसार बैठक भत्ता बुझेको देखिएकोले असुल गर्नुपर्ने रु. | ३०,६०० |

Continued table (२२.१):

| | | | | | |
|---|---|---|---|---|---|
| | गणेश बहादुर थापा | वडा सदस्य | ३ | ३८२५ | |
| | राम बहादुर खड्का | वडा सदस्य | ३ | ३८२५ | |
| जम्मा रु | | | | २४२२५० | |

Table under २२.२:

| क्र.सं. | नाम | पद | बैठक संख्या | दिन मिल्ने भुक्तानी | दिएको भुक्तानी | बढी भुक्तानी |
|---|---|---|---|---|---|---|
| **१** | मिनाकुमारी खड्का | संयोजक | १ | ५०० | १२७५ | ७७५ |
| **२** | ईन्द्रबहादुर थापा | सदस्य | १ | ५०० | १२७५ | ७७५ |
| **३** | पूर्णबहादुर थापा | सदस्य | २ | ५०० | १२७५ | १५५० |
| **४** | चन्द्रा रेग्मी | संयोजक | १० | ५००० | १२७५० | ७७५० |
| ५ | कर्णबहादुर शाही | सदस्य | १० | ५००० | १२७५० | ७७५० |
| ६ | कृष्ण बहादुर शाही | सदस्य | १० | ५००० | १२७५० | ७७५० |
| | जम्मा | | | | | २६३५० |

Table under २२.३:

| नाम | पद | विवरण | रकम | कैफियत |
|---|---|---|---|---|
| | | | | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | | | | | | | बेरुजु रकम |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | दिपक रावत | वडा अध्यक्ष | १ | ८५० | किसान सूचीकरण कार्यक्रममा वडा नं २ समितिको बैठक | | |
| | | | | गालसरा वि क | वडा सदस्य | १ | ८५० | | | |
| | | | | बम बहादुर शाही | वडा सदस्य | १ | ८५० | | | |
| | | | | लोक बहादुर रावत | वडा सदस्य | १ | ८५० | | | |
| | | | | लक्ष्मी दमाई | वडा सदस्य | १ | ८५० | | | |
| | | | | पूर्ण वहादुर थापा | वडा अध्यक्ष | १ | ८५० | किसान सूचीकरण कार्यक्रममा वडा नं ७ समितिको बैठक | | |
| | | | | टंक बहादुर खड्का | वडा सदस्य | १ | ८५० | | | |
| | | | | पार्वती थापा | वडा सदस्य | १ | ८५० | | | |
| | | | | लक्ष्मी वि क | वडा सदस्य | १ | ८५० | | | |
| | | | | रञ्जना कुमारी भण्डारी | वडा सदस्य | १ | ८५० | | | |
| | | | | इन्द्र बहादुर थापा | वडा अध्यक्ष | १ | ८५० | किसान सूचीकरण कार्यक्रममा वडा नं १ समितिको बैठक | | |
| | | | | बखत बहादुर वस्नेत | वडा सदस्य | १ | ८५० | | | |
| | | | | धिरेन्द्र राज अधिकारी | वडा सदस्य | १ | ८५० | | | |
| | | | | कौशिला थापा | वडा सदस्य | १ | ८५० | | | |
| | | | | विष्णा कुमारी नेपाली | वडा सदस्य | १ | ८५० | | | |
| | | | | मान बहादुर खड्का | वडा अध्यक्ष | १ | ८५० | किसान सूचीकरण कार्यक्रममा वडा नं ३ समितिको बैठक | | |
| | | | | टिकाराम रेग्मी | वडा सदस्य | १ | ८५० | | | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | | | | | | | बेरुजु रकम |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | शारदा खड्का | वडा सदस्य | १ | ८५० | | | |
| | | | | भुवानी प्रसाद रेग्मी | वडा सदस्य | १ | ८५० | | | |
| | | | | सुशिला वि क | वडा सदस्य | १ | ८५० | | | |
| | | | | कृष्ण बहादुर शाही | वडा अध्यक्ष | १ | ८५० | किसान सूचीकरण कार्यक्रममा वडा नं ५ समितिको बैठक | | |
| | | | | गणेश प्रसाद शर्मा | वडा सदस्य | १ | ८५० | | | |
| | | | | भक्त बहादुर वि क | वडा सदस्य | १ | ८५० | | | |
| | | | | | वडा सदस्य | १ | ८५० | | | |
| | | | | चन्द्रा वि क | वडा सदस्य | १ | ८५० | | | |
| | | | | गणेश प्रसाद शर्मा | वडा अध्यक्ष | १ | ८५० | किसान सूचीकरण कार्यक्रममा वडा नं ६ समितिको बैठक | | |
| | | | | दिप बहादुर सिंह | वडा सदस्य | १ | ८५० | | | |
| | | | | मान बहादुर रोकाय | वडा सदस्य | १ | ८५० | | | |
| | | | | वत्ति वि क | वडा सदस्य | १ | ८५० | | | |
| | | | | मान बहादुर थपा | वडा सदस्य | १ | ८५० | | | |
| | | | | खगीसरा खत्री | वडा सदस्य | १ | ८५० | | | |
| | | | | देवलोक अधिकारी | वडा अध्यक्ष | १ | ८५० | किसान सूचीकरण कार्यक्रममा वडा नं ४ समितिको बैठक | | |
| | | | | नरेन्द्र बहादुर वली | वडा सदस्य | १ | ८५० | | | |
| | | | | रमेश थापा | वडा सदस्य | १ | ८५० | | | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | | | | | | बेरुजु रकम |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | | बालसरा कामी | वडा सदस्य | १ | ८५० | | |
| | | | | कला वि क | वडा सदस्य | १ | ८५० | | |
| | | | | जम्मा रु | | | ३०६०० | | |
| २३ | | | **गाडी भाडा ईन्धन तथा मर्मत:**<br>स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा २५ अनुसार वितरणमुखी खर्चलाई नियन्त्रण गर्दै संघ तथा प्रदेश सरकारबाट प्राप्त रकमलाई स्थानीय पूर्वाधार विकास तथा दीर्घकालीन पुँजी निर्माण हुने कार्यमा खर्च गर्नुपर्दछ। पालिकाले यो वर्ष सम्बन्धित शिर्षकमा बजेट विनियोजन गरी गाडी भाडामा रु. ५,०९,०००।-, ईन्धनमा रु. ३५,१७,३२६।- र मर्मतमा रु. १६,८५,१०९।- तथा कन्टिन्जेन्सी बाट समेत यि शिर्षकमा खर्च गरेको देखियो । पालिकालाई अत्यावश्यक पर्ने क्षेत्रमा मात्र यस्ता खर्च गर्नु पर्नेमा आवश्यकताको पहिचान समेत नगरी अमितव्ययी ढंगबाट गरिने यस्ता खर्चमा नियन्त्रण हुनुपर्दछ । | | | | | | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| २४ | | | **पदाधिकारी सुविधा**<br>**स्थानीय तहका पदाधिकारी सुविधा :** नेपालको संविधानको धारा २२७ मा गाँउ सभा तथा नगरसभाका सदस्यले पाउने सुविधाका सम्बन्धमा प्रदेश कानून बमोजिम हुने ब्यवस्था अनुसार कर्णाली प्रदेश संसदले स्थानीय तहका पदाधिकारी तथा सदस्यहरुको सुविधा सम्बन्धी ऐन, २०७७ जारी गरेको छ । उक्त ऐनमा भएको ब्यवस्था अनुसार पालिकाबाट देहाय बमोजिम रु. ८९,१७,५००।- सुविधा वापत भुक्तानी भएको छ । | |

| सि.नं | विवरण | प्रमुख/ अध्यक्ष | उपप्रमुख/ उपाध्यक्ष | वडाअध्यक्ष ७ जना | कार्यपालिका ५ सदस्य | सभाका २१ सदस्य | जम्मा |
|---|---|---|---|---|---|---|---|
| १ | बैठक भत्ता | १५००० | ५४००० | ३७८००० | १९५००० | ११३४००० | १७७६००० |
| २ | यातायात खर्च | ० | १४४००० | ० | ० | ० | १४४००० |
| ३ | टेलिफोन,मोबाइल | ३६००० | ३६००० | २५२००० | ६०००० | २५२००० | ६३६००० |
| ४ | पुस्तक,पत्रीका, ईन्टरनेट | ३६००० | ३६००० | २५२००० | ६०००० | १२६००० | ५१०००० |
| ५ | समन्वय तथा सहजीकरण | ० | ० | ० | ० | ० | ० |
| ६ | अतिथि सत्कार | ६०००० | ४८००० | ३३६००० | ६०००० | २५२००० | ७५६००० |
| ७ | खानेपानी/बिजुली/ सरसफाई | ४८००० | ३६००० | ८४००० | ६०००० | १२६००० | ३५४००० |
| ८ | चाडपर्व खर्च | १५००० | १५००० | १०५००० | ७५००० | ३१५०० | २४१५०० |
| ९ | अनुगमन मुल्या|कन | १८०००० | १४४००० | ६७२००० | ३०००००० | ५०४००० | ४५०००००० |
| १० | सवारी इन्धन | ० | ० | ० | ० | ० | ० |
| | जम्मा | | | | | | ८९१७५०० |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| २५ | | | **नापजाँच नगरी भुक्तानी:**<br>सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२३(क) मा भुक्तानी गर्दा प्राविधिक नापजाँचको गरी वास्तविक कार्य सम्पादनको आधारमा मात्र भुक्तानी गर्नुपर्ने उल्लेख छ । पालिकाले विलासपुर निर्माण सेवा मार्फत पगनाथ स्वास्थ्य चौकी निर्माण गर्दा नापजाँच बेगर TMT reinforcement bar प्रथम रनिङ्ग विलमा ९८३०.१६ केजि तथा दोस्रो रनिङ्ग विलमा ७८६८.६४ गरी जम्मा १७६९८.८ केजिको रु.१०७.३५ का दरले रु.१८,९९,९६६.१८।- भुक्तानी गरेकोमा कुन ठाउँमा कुन साईजको कति TMT reinforcement bar प्रयोग गरेको हो सो को मेजरमेन्ट सिट पेश गरेको नदेखिएकोले सो को प्रमाण पेश गर्नु पर्ने रु. | १,८९९,९६६.१८ |
| २६ | | | **कार्य सम्पन्न प्रतिवेदन**<br>सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२५(२) मा कुनै निर्माण कार्यसम्पन्न भई त्रुटी सच्याउने दायित्वको अवधि समाप्त भएपछि प्राविधिक कर्मचारीबाट जाँचबुझ गराई कार्यसम्पन्न प्रतिवेदन तयार गर्नुपर्ने व्यवस्था छ । यस स्थानीय तहले उल्लिखित कानूनी व्यवस्था बमोजिम त्रुटी सच्याउने दायित्वको अवधि समाप्त भएपछि कार्यसम्पन्न प्रतिवेदन तयार गरेको पाइएन । कानूनी व्यवस्थाको पालना नभएकोले त्यस्तो निर्माण कार्य स्वीकृत ड्रइङ डिजाइन वा स्पेसिफिकेशन बमोजिम भए नभएको यकिन हुन सक्ने अवस्था देखिएन । | |
| २७ | | | **खेलकुद पूर्वाधार निर्माण**<br>सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ३१ मा सार्वजनिक निकायले बीस लाख रूपैयाँ भन्दा बढी लागत अनुमान भएको निर्माण कार्य, मालसामान वा जुनसुकै सेवा खरिद गर्नु पर्दा खुला बोलपत्रको माध्यमद्वारा खरिद गर्नुपर्ने व्यवस्था छ । पालिकालाई खेलकुद पूर्वाधार निर्माण गर्न संघीय सरकारबाट रु.३५,००,०००।– बजेट हस्तान्तरण भई आएकोमा सो को एकमुस्ट लागत अनुमान तयार गरी बोलपत्र मार्फत निर्माण कार्य गर्नु पर्नेमा फरक फरक लागत अनुमान तयार गरी ग्याविन भर्ने काम उपभोक्ता समितिबाट गराई रु.५,११,५६३।-, कोटेशन मार्फत एम. डि. के. निर्माण सेवाबाट काम गराई रु.९,१४,०३६।- तथा प्रतिष्पर्धा सिमित हुने गरी हार्ड कपि शिलबन्दी दरभाउ पत्र मार्फत जेसिका एण्ड अभियान कन्सट्रक्सन मार्फत काम गराई रु.१८,६५,५७७।- गरी जम्मा रु.३२,९१,१७६।- भुक्तानी गरेको देखिएकोले नियम सम्मत नभएको रु. | ३,२९१,१७६ |
| २८ | | | **नागुना पुरानेपानी विसाई खानेपानी**<br>सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ३१ मा सार्वजनिक निकायले बीस लाख रूपैयाँ भन्दा बढी लागत अनुमान भएको निर्माण कार्य, मालसामान वा जुनसुकै सेवा खरिद गर्नुपर्दा खुला बोलपत्रको माध्यमद्वारा खरिद गर्नु पर्ने व्यवस्था छ । प्रदेश समपुरक अनुदान अन्तर्गत नागुना पुरानेपानी विसाई खानेपानी निर्माण गर्न रु.१,०३,४३,६५८।७३ को लागत अनुमान तयार गरी नयाँ नेपाल विल्डर्स सँग रु.५९,४१,७१५।०२ मा सम्झौता भएकोमा बाँकी बचेको रकम बाट कोटेशन मार्फत न्यु कालिका निर्माण सेवा बाट काम गराई रु.४,९८,३४६।- तथा प्रतिष्पर्धा सिमित हुने गरी हार्ड कपि शिलबन्दी दरभाउ पत्र मार्फत रामचन्द्र निर्माण सेवा मार्फत काम गराई रु.१८,८३,०४७।१७ गरी जम्मा रु.२३,८९,३९३।१७ भुक्तानी गरेको देखिएकोले नियम सम्मत नभएको रु. | २,३८९,३९३.१७ |

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td>२९</td><td></td><td></td><td>
नन फाईलर:<br>
नन फाईलर: मूल्य अभिवृद्धि कर ऐन, २०५२ को दफा १९(१) मा करदाताले प्रत्येक कर अबधिको कर सो अबधी समाप्त भएको मितिले २५ दिन भित्र बुझाउनु पर्ने उल्लेख छ । कार्यालयले निम्नानुसार फर्मलाई भुक्तानी गरकोमा सो फर्महरु नन फाईलर रहेको देखिँदा मुल्य अभिवृद्धि कर रकम रु. ३,६२,२३२।- सम्बन्धित आन्तरिक राजस्व कार्यालयबाट कर समायोजन गरेको प्रमाण पेश गर्नुपर्ने रु.
<table>
<tr><th>क्र. सं.</th><th>भुक्तानी पाउनेको नाम</th><th>प्यान नं.</th><th>विजक मिति</th><th>विजक नं.</th><th>विजक रकम</th><th>समायोजन गर्नु पर्ने मुअकर कर रकम</th><th>ननफाइलर रहेको मिति</th></tr>
<tr><td>१</td><td>जेसिका एण्ड अभियान कन्स्ट्रक्सन प्रा.ली.</td><td>६०६६४७४९६</td><td>२०७९.३.२४</td><td>२०</td><td>१६५०९५३</td><td>२१४६२४</td><td>२०७८/M/९</td></tr>
<tr><td>२</td><td>शिभिल निर्माण सेवा</td><td>३०००२६२३८</td><td>२०७८.१०.५</td><td>९</td><td>४२३८००</td><td>५५०९४</td><td>२०७८/M/४</td></tr>
<tr><td>३</td><td>श्री राधा कृष्ण जगनाथ महाबै निर्माण सेवा प्रा.ली</td><td>६०९८१९०५४</td><td>२०७८.११.३०</td><td>३१</td><td>६०२३५०</td><td>७८३०५</td><td>२०७८/M/८</td></tr>
<tr><td>४</td><td>श्री राधा कृष्ण जगनाथ महाबै निर्माण सेवा प्रा.ली</td><td>६०९८१९०५४</td><td>२०७९।२।३१</td><td>२०</td><td>१०९२९३</td><td>१४२०९</td><td>२०७८/M/८</td></tr>
<tr><td></td><td>जम्मा</td><td></td><td></td><td></td><td></td><td>३६२२३२</td><td></td></tr>
</table>
</td><td>३६२,२३२</td></tr>
</table>

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ३० | | | **विल वेगर प्रोभिजनल समको भुक्तानी**<br>पालिका र निर्माण व्यवसायीबीच भएको सम्झौतामा प्रोभिजनल सम बापत व्यवस्था गरिएको रकम खर्च गर्दा पालिकाको पूर्व स्वीकृति लिई त्यस्तो कार्यमा भएको यथार्थ खर्चको विल विजक पेश गरी सोधभर्ना लिनुपर्ने उल्लेख छ । पालिकाले निम्नानुसारका निर्माण कार्यका लागि निर्माण व्यवसायीलाई उपरोक्त सम्झौताको शर्त विपरित प्रोभिजनल समको विल भरपाई वेगर रकम भुक्तानी गरेको पाईयो । अतः त्यस्तो कार्यमा भएको खर्चको यथार्थ विल विजक पेश हुनुपर्ने अन्यथा असुल हुनुपर्ने रु. | १४२,९५८ |

| क्र.सं. | निर्माणको विवरण | निर्माण सेवा | आईटम | रकम |
|---|---|---|---|---|
| १ | नागुना पुरानेपानी विसाई खानेपानी | नया नेपाल विल्डर्स | विमा | ५०००० |
| २ | ढाँड गाउँ मेली साले बजेडा देउती सडक | देउती कन्स्ट्रक्सन | विमा | ४२९५८ |
| ३ | जिरो पोईन्ट वडा कार्यालय सडक स्तरोन्नती | बडिमालिका निर्माण सेवा | विमा | ५०००० |
| | जम्मा | | | १४२९५८ |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ३१ | | | **सव कन्ट्याक्टरबाट काम गराएको**<br>सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ को उपनियम १३(क) मा उपभोक्ता समिति वा लाभग्राही समुदायले पाएको कुनै कामका निर्माण व्यवसायीलाई संलग्न गराएको पाईएमा सार्वजनिक निकायले उक्त उपभोक्ता समितिसँग भएको सम्झौता रद्द गरी त्यस्तो उपभोक्ता समितिलाई भविष्यमा त्यस्तो किसिमको कुनै काम गर्न नदिने अभिलेख राखी सो काम गर्ने निर्माण व्यवसायीलाई कालो सूचिमा राख्न सार्वजनिक खरिद अनुगमन कार्यालयलाई सिफारिस गर्नुपर्ने उल्लेख छ । देहायका उपभोक्ता समितिले काम आफै गर्ने गरी सम्झौता गरेकोमा देहायका निर्माण व्यावसायीबाट काम गराएको देखियो । नियमावलीमा भएको व्यवस्था विपरित काम गराउने उपभोक्ता समिति, जाँचपास गर्ने प्राविधिक तथा सिफारिस कर्ता एवं अनुगमनकर्तालाई यस सम्बन्धमा जिम्मेवार बनाई निर्माण व्यवसायीलाई कालोसूचिमा राख्न सार्वजनिक खरिद अनुगमन कार्यालयलाई सिफारिस गरेको प्रमाण पेश गरी नियमित गर्नु पर्ने रु. | ४,२४५,६५५ |

| क्र.सं. | योजनाको नाम | निर्माण व्यवसायिको नाम | भुक्तानी |
|---|---|---|---|
| १ | पोखरी डाडा देखि सुर्खेती सम्म सडक निर्माण | पि एस कन्स्ट्रक्सन | ४७०५०० |
| २ | लहरेखोली महादेव मेली वडालेख सडक | प्रतिक कनस्ट्रक्सन | ५६५५०० |
| ३ | मेली टाकुल्ले धारे ढूंगा सडक | प्रतिक कनस्ट्रक्सन | ४७०५०० |
| ४ | खोर ढुंगेखानी सडक | शिभिल निर्माण सेवा | ४७८८९४ |
| ५ | धुवा सेरा सहडे कृषि सडक निर्माण सेवा | प्रतिक कनस्ट्रक्सन | ५७०५०० |
| ६ | मगे सडक मर्मत | श्री राधा कृष्ण जगनाथ महाबै निर्माण सेवाप्रा.ली | ६८०५५६ |
| ७ | आर्सिना देउराली सडल निर्माण | रामचन्द्र निर्माण सेवा | १००९२०५ |
| ८ | सत्तलाई माथिल्लो तिमिलसैना सडक | पि एस कन्स्ट्रक्सन | १९२००० |
| | जम्मा | | ४२४५६५५ |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ३२ | | | **लागत सहभागिता**<br>पालिकाले आयोजना/कार्यक्रम छनौट गर्दा उपभोक्ता समितिको तर्फबाट नगद लागत सहभागिता जुट्ने आयोजनालाई प्राथमिकता दिनुपर्दछ साथै नगद सहभागिता तोकिएको अवस्थामा सहभागिता वापतको रकम सम्बन्धित स्थानीय तहको खातामा दाखिला गरी सो को भौचर प्राप्त भएपछि मात्र उपभोक्ता समितिसँग योजना सम्झौता गर्नुपर्दछ । तर पालिकाले लागत सहभागिता सहितका लागत अनुमान तयार गरेको देखिएन । अतः नगद लागत सहभागिता जुट्ने आयोजनालाई प्राथमिकता दिनुपर्दछ । | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ३३ | | | **प्राविधिक बिल र कार्य सम्पन्नः**<br>सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२३(१) मा खरिद सम्झौता अनुसार सार्वजनिक निकायले रनिङ बिल वा अन्य कुनै बिल बिजकको भुक्तानी गर्दा प्राविधिक नापजाँच गरी नापी कितावमा उल्लेख भएको वास्तविक कार्यसम्पादनको आधारमा भुक्तानी गर्नुपर्ने ब्यवस्था रहेको छ । उपभोक्ता समितिहरुबाट सञ्चालित योजनाको ठेक्का बिलहरुमा लागत अनुमान र वास्तविक कामको मूल्याङ्कनमा बरावर परिमाण र रकम उल्लेख भएको देखिन्छ । लागत अनुमान बराबर नै मूल्याङ्कन भएको देखिएकोले वास्तविक काम कति भएको हो भन्ने सम्बन्धमा आश्वस्त हुन सक्ने अवस्था देखिएन । प्राविधिकले पेश गर्ने कार्यसम्पन्न प्रतिवेदनमा कार्यसम्पन्न गर्नुपर्ने मिति र कार्यसम्पन्न भएको मिति लगायतका इन्जिनियरिङ नर्म्स अनुसार बिलमा खुलाउनुपर्ने तथ्याङ्क उल्लेख गरेको पाईएन । यसले गर्दा कुन काम कहिले सम्पन्न गर्नुपर्ने र तोकिएको अवधिमा सम्पन्न भए/नभएको विषयमा यकिन हुन नसकिएको हुँदा प्राविधकले इन्जिनियरिङ नर्म्स अनुसारको उपभोक्ता समितिको बिल बनाउँदा नापजाँचलाई वास्तविक कार्यसम्पादनमा आधारित बनाउनुपर्दछ । | |
| ३४ | | | **बढी दरमा भुक्तानी:**<br>सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १०(४) मा सार्वजनिक निकायले लागत अनुमान तयार गर्दा निर्माण कार्यमा प्रयोग हुने निर्माण सामग्री दरभाउ तथा ज्याला निर्धारण गर्दा दररेट समितिले तोकेको दररेटको आधारमा निर्धारण गर्नु पर्ने उल्लेख छ । सोही नियमावलीको नियम ९७(१) मा उपभोक्ता समिति वा लाभग्राही समुदायलाई निर्माण कार्य वा सेवाको काम दिँदा उपनियम (३) को खण्ड (ख) बमोजिमको लागत अनुमानमा रहेको मूल्य अभिवृद्धि कर, ओभरहेड कन्टिन्जेन्सी रकम र जनसहभागिताको अंश कट्टा गरेर मात्र भुक्तानी दिनुपर्ने उल्लेख छ । पालिकाले निम्नानुसारको योजनामा दररेट विश्लेषण गर्दा मेसिन प्रयोग गर्दा लाग्ने बाहेकको श्रमिकको ज्यालामा समेत मूल्य अभिवृद्धि कर जोडी दर रेट कायम गरी बढी दरमा लागत अनुमान तयार गरी उपभोक्ताबाट कार्य गराई बढी भुक्तानी गरेको देखिएकोले बढी भुक्तानी गरेको असुल गर्नुपर्ने रू. | ३३०,५२२ |

| क्र.सं. | योजनाको नाम | आईटमको नाम | परिमाण | भुक्तानी दर | हुनु पर्ने दर | फरक | बढी भुक्तानी |
|---|---|---|---|---|---|---|---|
| १ | पोखरी डाडा देखि सुर्खेती सम्म सडक निर्माण | Soft Soil | ० | ७७.९५ | ७३.५४ | ४.४१ | ४१०३८ |
| | | Hard soil | ५२५३.३१ | ९३.७ | ८८.३२ | ५.३८ | |
| | | Soft Rock | १२२.०९ | ३७२.६७ | ३३७.३३ | ३५.३४ | |
| | | Hard Rock | ७९.७९ | १००८.१४ | ९०२.१ | १०६.०४ | |
| २ | लहरेखोली महादेव मेली वडालेख सडक | Soft Soil | ० | ७७.९५ | ७३.५४ | ४.४१ | ५४००८ |
| | | Hard soil | ४९६०.५९ | ९३.७ | ८८.३२ | ५.३८ | |
| | | Soft Rock | २२७.५८ | ३७२.६७ | ३३७.३३ | ३५.३४ | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | | | | | | | | | | बेरुजु रकम |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | Hard Rock | १८१.७९ | १००८.१४ | ९०२.१ | १०६.०४ | | | |
| | | | | ३ | मेली टाकुल्ले धारे ढूंगा सडक | Soft Soil | ० | ७७.९५ | ७३.५४ | ४.४१ | ३७७०४ | | |
| | | | | | | Hard soil | ५६६८.२८ | ९३.७ | ८८.३२ | ५.३८ | | | |
| | | | | | | Soft Rock | ८७.३१ | ३७२.६७ | ३३७.३३ | ३५.३४ | | | |
| | | | | | | Hard Rock | ३८.८८ | १००८.१४ | ९०२.१ | १०६.०४ | | | |
| | | | | ४ | खोर ढुंगेखानी सडक | Soft Soil | ० | ७७.९५ | ७३.५४ | ४.४१ | ३५९९६ | | |
| | | | | | | Hard soil | ६०११.५४ | ९३.७ | ८८.३२ | ५.३८ | | | |
| | | | | | | Soft Rock | ० | ३७२.६७ | ३३७.३३ | ३५.३४ | | | |
| | | | | | | Hard Rock | ३४.४६ | १००८.१४ | ९०२.१ | १०६.०४ | | | |
| | | | | ५ | थुवा सेरा सहडे कृषि सडक निर्माण सेवा | Soft Soil | ० | ७७.९५ | ७३.५४ | ४.४१ | ६०९४८ | | |
| | | | | | | Hard soil | ३६०३.४५ | ९३.७ | ८८.३२ | ५.३८ | | | |
| | | | | | | Soft Rock | १७४.१५ | ३७२.६७ | ३३७.३३ | ३५.३४ | | | |
| | | | | | | Hard Rock | ३३३.९ | १००८.१४ | ९०२.१ | १०६.०४ | | | |
| | | | | ६ | आर्सिना देउराली सडल निर्माण | Soft Soil | २७९२.५ | ७७.९५ | ७३.५४ | ४.४१ | ७८२७९ | | |
| | | | | | | Hard soil | ८४२७.५६ | ९३.७ | ८८.३२ | ५.३८ | | | |
| | | | | | | Soft Rock | ३४७.८ | ३७२.६७ | ३३७.३३ | ३५.३४ | | | |
| | | | | | | Hard Rock | ७८.५८ | १००८.१४ | ९०२.१ | १०६.०४ | | | |
| | | | | ७ | बडाखोला पिपलबाडा डाडागाउँ सडक | Hard soil | १६१०.६३ | ९३.७ | ८८.३२ | ५.३८ | ८६६६ | | |
| | | | | ८ | सत्तलाई माथिल्लो तिमिलसैना सडक | Hard soil | २५८०.४७ | ९३.७ | ८८.३२ | ५.३८ | १३८८३ | | |



https://nams.oag.gov.np

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | | | | | | | | | | बेरुजु रकम |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | जम्मा | | | | | | ३३०५२२ | | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ३५ | | | **कार्यक्रम कार्यन्वयन पुस्तीकाको पालना नभएको**<br>नेपाल सरकार तथा पालिकाबाट विद्यालयहरुलाई वार्षिक कार्यक्रम अनुसार दिईने एकमुष्ट अनूदान तथा निकासा सम्बन्धमा मानव स्रोत विकास केन्द्र सानोठिमी बाट प्रकाशित कार्यक्रम कार्यान्वन पुस्तीकामा उल्लेख भए अनुसार दिनुपर्ने कानूनी व्यवस्था छ । तर पालिकाले उक्त पुस्तीकामा उल्लेख भएभन्दा बढी हुने गरी निम्नानुसार रु. ४,३४,१७० बढी निकासा दिएको देखियो । तसर्थ तोकीए भन्दा बढी निकासा भएको रकम असूल गरी सम्बन्धित राजस्व खातामा दाखिला हुनुपर्ने देखिएको रु. | |
| ३५.१ | | | **प्रति विद्यार्थी लागतमा आधारीत शिक्षण सिकाई अनुदानः** | १६४,२०५ |

| क्र.सं. | विद्यालयको नाम | विद्यार्थी संख्या | हुनुपर्ने निकासा | भएको निकासा | बढी निकासा |
|---|---|---|---|---|---|
| १ | भैरव मा वि खोरा | ४०२ | ७६७०० | ९७५५५ | २०८५५ |
| २ | नेपाल राष्ट्रिय आ वि तपलुङ | २१० | ३७०५० | ४२५०० | ५४५० |
| ३ | जनता प्रा वि | ९० | १३५०० | १५७५० | २२५० |
| ४ | सरस्वति प्रा वि | २९ | ४३५० | ५७०० | १३५० |
| ५ | कालीका मा वि दौरीमंगर | ३१५ | ५६०५० | ७३४०० | १७३५० |
| ६ | भगवती प्रा वि | ४८ | ७२०० | ७६५० | ४५० |
| ७ | लक्ष्मी प्रा वि रुम | २१ | ३१५० | ४५०० | १३५० |
| ८ | भगवति मा वि कट्टी | ४२१ | ७८१५० | ८०००० | १८५० |
| ९ | जनप्रिय प्रा वि चाख्ला | ५१ | ७६५० | ९१५० | १५०० |
| १० | सरस्वति प्रा वि कट्टी | २०७ | ३४८०० | ३६८०० | २००० |
| ११ | नेपाल राष्ट्रिय पिपल आ वि चिपिन | २५८ | ४३२०० | ५०८५० | ७६५० |
| १२ | लक्ष्मी प्रा वि पैयागाउँ | ११९ | १७८५० | २१००० | ३१५० |


https://nams.oag.gov.np

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | | | | | | | | बेरुजु रकम |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | १३ | महादेव मा वि मेटालपाट | ३०६ | ५५२५० | ९८६५० | ४३४०० | | |
| | | | | १४ | खड्गदेवी आ वि मेहेलतोली | २०८ | ३५५०० | ४१६०० | ६१०० | | |
| | | | | १५ | कैलाश प्रा वि पुग्या | ८६ | १२९०० | १३६५० | ७५० | | |
| | | | | १६ | ज्वाला मा वि वेस्ताडा | ९०५ | १९२३५० | १९९२५० | ६९०० | | |
| | | | | १७ | सरस्वती मा वि गान्म | २६८ | ५०७५० | ६०९५० | १०२०० | | |
| | | | | १८ | ज्वाला प्रा वि पगनाथ | ६५ | ९७५० | १२००० | २२५० | | |
| | | | | १९ | ने रा प्रा वि | ४५ | ६७५० | ९००० | २२५० | | |
| | | | | २० | जनता मा वि रुम | १७८ | ३०३५० | ५७५०० | २७१५० | | |
| | | | | | जम्मा | | | | १६४२०५ | | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ३५.२ | | | **पाठ्यपुस्तकः** | १६०,०६४ |

| क्र.सं. | विद्यालयको नाम | विद्यार्थी संख्या | हुनुपर्ने निकासा | भएको निकासा | बढी निकासा |
|---|---|---|---|---|---|
| १ | भगवती प्रा वि | २० | १०९९७ | १२१३४ | ११३७ |
| २ | भगवती प्रा वि | ४८ | २५८६८ | २८०१६ | २१४८ |
| ३ | भगवती मा विकट्टी | ४२१ | २९०३८० | ३०८६२६ | १८२४६ |
| ४ | भैरव मा वि खोरा | ४०२ | २५६५१५ | २८०२६१ | २३७४६ |
| ५ | जगनाथ प्रा विकोटकाटिया | ११ | ६१५४ | ७७६२ | १६०८ |
| ६ | जनप्रिय मा विचाख्ला | ५१ | २७०६१ | ३५८५२ | ८७९१ |
| ७ | जनता मा विरुमा | १७८ | ११३३१८ | १९३५९३ | ८०२७५ |
| ८ | कैलाश प्रा वि पुग्या | ८६ | ४६७४४ | ४७७७३ | १०२९ |
| ९ | कालीका मा वि दौरीमंघर | ३१५ | २०७६०३ | २२४३६० | १६७५७ |
| १० | महादेव मा वि मेतालपाटा | ३०६ | २०१८१३ | २०७०८८ | ५२७५ |
| ११ | मालिका प्रा वि पोखरा | ११ | ५९८१ | ७०३३ | १०५२ |
| | जम्मा | | | | १६००६५ |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ३५.३ | | | **प्रति विद्यार्थी लागतमा आधारीत शिक्षण सिकाई अनुदान कक्षा १ तर्फः** | ७१,५०० |

| क्र.सं. | विद्यालयको नाम | विद्यार्थी संख्या | हुनुपर्ने निकासा | भएको निकासा | बढी निकासा |
|---|---|---|---|---|---|
| १ | नेपाल राष्ट्रिय आ वि तप्लुङ | १९ | ९५०० | १४००० | ४५०० |
| २ | जनता प्रा वि | २२ | ११००० | १३००० | २००० |
| ३ | कालीका मा वि दौरीमंगर | ३१ | १५५०० | ३०००० | १४५०० |
| ४ | लक्ष्मी प्रा वि रुमी | ८ | ४००० | ७५०० | ३५०० |
| ५ | भगवती मा वि कट्टी | ३९ | १९५०० | २६५०० | ७००० |
| ६ | जन प्रिय प्रा वि चाख्ला | ११ | ५५०० | ८००० | २५०० |
| ७ | नेपाल राष्ट्रिय पिपल आ वि छिपिन | ३५ | १७५०० | १९५०० | २००० |
| ८ | लक्ष्मी प्रा वि पैयागाउँ | ३० | १५००० | २०५०० | ५५०० |
| ९ | महादेव मा वि मेतालपाटा | ३० | १५००० | १७५०० | २५०० |
| १० | खड्गदेवी आ वि मेहेलतोली | १९ | ९५०० | १७००० | ७५०० |
| ११ | कैलाश प्रा वि पुग्या | १६ | ८००० | १०५०० | २५०० |
| १२ | ज्वालामा वि वेस्तडा | २६ | १३००० | २१५०० | ८५०० |
| १३ | सरस्वती मा वि | १४ | ७००० | ९००० | २००० |
| १४ | ने रा प्रा वि | ७ | ३५०० | १०५०० | ७००० |
| | जम्मा | | | | ७१५०० |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
| --- | --- | --- | --- | --- |
| ३५.४ | | | **प्रति विद्यार्थी लागतमा आधारीत शिक्षण सिकाई अनुदान बाल विकास तर्फः** | २४,००० |

| क्र.सं. | विद्यालयको नाम | विद्यार्थी संख्या | हुनुपर्ने निकासा | भएको निकासा | बढी निकासा |
| --- | --- | --- | --- | --- | --- |
| १ | भैरव मा वि खोरा | १६ | ८००० | १२००० | ४००० |
| २ | नेपाल राष्ट्रिय आ वि तप्लुङ | २४ | १२००० | १४००० | २००० |
| ३ | जनता प्रा वि | २० | १०००० | १२५०० | २५०० |
| ४ | भगवती प्रा वि | २१ | १०५०० | १४००० | ३५०० |
| ५ | नेपाल राष्ट्रिय पिपल आ वि छिपिन | २५ | १२५०० | १६००० | ३५०० |
| ६ | महादेव मा वि मेतालपाटा | ४६ | २३००० | २४५०० | १५०० |
| ७ | खड्गदेवी आ वि मेहेलतोली | २२ | ११००० | १७००० | ६००० |
| ८ | कैलाश प्रा वि पुग्या | १७ | ८५०० | ९५०० | १००० |
| | जम्मा | | | | २४००० |

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td>३५.५</td><td></td><td></td><td>छात्रवृत्तीः
<table>
<tr><th>क्र.सं.</th><th>विद्यालयको नाम</th><th>विद्यार्थी संख्या</th><th>हुनुपर्ने निकासा</th><th>भएको निकासा</th><th>बढी निकासा</th></tr>
<tr><td>१</td><td>भगवती प्रा वि</td><td>२९</td><td>११६००</td><td>१७६००</td><td>६०००</td></tr>
<tr><td>२</td><td>भगवती मा वि कट्टी</td><td>२५७</td><td>१०२८००</td><td>१०५२००</td><td>२४००</td></tr>
<tr><td>३</td><td>भगवती मावि तुर्सु</td><td>१८३</td><td>७३२००</td><td>७५२००</td><td>२०००</td></tr>
<tr><td>४</td><td>जनता प्रावि चिपिनतडा</td><td>१७</td><td>६८००</td><td>७२००</td><td>४००</td></tr>
<tr><td>५</td><td>लक्ष्मी प्रा वि रुमी</td><td>१३</td><td>५२००</td><td>८८००</td><td>३६००</td></tr>
<tr><td></td><td>जम्मा</td><td></td><td></td><td></td><td>१४४००</td></tr>
</table></td><td>१४,४००</td></tr>
<tr><td>३६</td><td></td><td></td><td>नमूना विद्यालय<br>गाउँपालिकाले भैरब मा वि बडाभैरबलाई रु.१,४८,२९,०५०।— अनुदान दिएको सम्बन्धमा देखिएका ब्यहोरा निम्नानुसार छन्:</td><td></td></tr>
<tr><td>३६.१</td><td></td><td></td><td>कार्य सम्पन्नः कार्यक्रम कार्यान्वियन पुस्तिका २०७८।७९ को क्रियाकलाप नं ८.३ मा नमूना विद्यालयको रुपमा छनौट भई सञ्चालनमा रहेका विद्यालयले गुरुयोजनाले तोकेका क्षेत्रमा विद्यालय भौतिक निर्माण तथा शैक्षिक विकासका कामहरु खरिद दिग्दर्शन,सार्वजनिक खरिद ऐन, नियमावलीको परिधि भित्र रही गर्नु पर्ने उल्लेख छ । सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ११७ मा सार्वजनिक निकायले सम्झौता बमोजिम सम्पन्न भएको निर्माण कार्य, आपूर्ति गरिएको मालसामान वा प्रदान गरिएको सेवा स्वीकार्दा सोको प्रतिवेदन तयार गर्नु पर्ने उल्लेख छ । पालिकाले नमुना विद्यालय भवन निर्माण गर्न रु.६४,७९,६३०।- भुक्तानी गरेकोमा सो को कार्यसम्पन्न प्रतिवेदन पेश नगरेकोले सो को कार्यसम्पन्न प्रतिवेदन पेश गर्नुपर्ने रु.</td><td>६,४७९,६३०</td></tr>
</table>

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td>३६.२</td><td></td><td></td><td>बढी भुक्तानी: सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२३ (१ ख) बमोजिम निर्माण कार्यको सम्झौता शर्त वमोजिम प्राविधिक नापजाँच गरी नापी किताब (मेजरमेन्ट बुक) मा उल्लेख भएको वास्तविक कार्यसम्पादनको आधारमा विल भुक्तानी गर्नुपर्दछ । विद्यालयले कोटेसन मार्फत फिल्ड निर्माण गर्दा भवानी कालिका कनस्ट्रक्सन प्रा.ली. लाई निम्नानुसारको कार्यहरुको भुक्तानी गरेकोमा स्थलगत अनुगमनमा उक्त कार्य भएको नदेखिएकोले कार्य नभई मूल्यांकन गर्ने प्राविधिकलाई जिम्मेवार बनाई सोको कार्यसम्पन्न गरेको प्रमाण पेश गर्नुपर्ने रु.
<table>
<tr><th>क्र.सं.</th><th>आईटमको नाम</th><th>परिमाण</th><th>दर</th><th>भुक्तानि</th></tr>
<tr><td>१</td><td>Stone soling work in foundation</td><td>३.५२</td><td>७१२४.३</td><td>२५०७७.३</td></tr>
<tr><td>२</td><td>PCC(1:3:6)</td><td>३.५२</td><td>१३४२८</td><td>४७२६६.६</td></tr>
<tr><td>३</td><td>Uncoerced runnel masonry work(1:4)</td><td>४४</td><td>११८२९</td><td>५२०४७६</td></tr>
<tr><td></td><td>जम्मा रु</td><td></td><td></td><td>५९२८२०</td></tr>
<tr><td></td><td>मू अ कर</td><td></td><td></td><td>७७०६७</td></tr>
<tr><td></td><td>कुल जम्मा रु</td><td></td><td></td><td>६६९८८६</td></tr>
</table></td><td>६६९,८८६</td></tr>
<tr><td>३६.३</td><td></td><td></td><td>सामग्रीको उपयोग: नमुना विद्यालय कार्यक्रम अन्तर्गत विद्यालयले खरिद गरेको रु.१,०४,९९९।- मुल्यका ३ थान एलईडि टेलिभिजन तथा रु.१,७९,९४०।- मूल्यको School management software प्रयोगमा आएको नदेखिएकोमा पावस सप्लाइले नधानेको कारण टेलिभिजन प्रयोग गर्न कठिनाई भएको विद्यालयले जनाएको छ । उक्त विद्यालय व्यवस्थापन सफ्टवेयर प्रयोग गरेको प्रमाण पेश गर्नुपर्ने रु.</td><td>१७९,९४०</td></tr>
<tr><td>३७</td><td></td><td></td><td>शिक्षा तर्फ</td><td></td></tr>
<tr><td>३७.१</td><td></td><td></td><td>जनता मावि आईसिटी : पालिकाले आई सि टी व्यवस्थापन गर्न जनता माध्यमिक विद्यालय रुमलाई रु.६,४९,४११।– अनुदान दिएको विद्यालयले ७ थान कम्प्युटरलगायतको सामग्री खरिद गरेकोमा रु.१,३८,९९०।- बराबरको कम्प्युटर प्रयोगमा नरहेको देखियो । उक्त सामग्री प्रयोग पठनपाठन संचालन गरेको प्रमाण पेश गर्नु पर्ने रु.</td><td>१३८,९९०</td></tr>
</table>

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td>३७.२</td><td></td><td></td><td>शिक्षक दरवन्दी र पदपूर्ति - स्थानीय तह अन्तर्गत रहेका सामुदायिक विद्यालयहरुमा दरबन्दी अनुसार शिक्षकको पदपूर्ति भई नियमित पठनपाठनको व्यवस्था हुनुपर्दछ । यस स्थानीय तह अन्तर्गत विभिन्न तहका २९ सामुदायिक विद्यालयहरुको शिक्षक दरवन्दी र पदपूर्तिको अवस्था एवं विद्यार्थीको संख्या निम्नानुसार रहेको देखिन्छः
<table>
<tr><th>सि.नं.</th><th>विद्यालयको तह</th><th>शिक्षक दरबन्दी</th><th>पदपूर्ति</th><th>पदपूर्ति मध्ये करार</th><th>विद्यार्थी संख्या</th></tr>
<tr><td>१</td><td>उच्च माध्यमिक तह</td><td>४</td><td>४</td><td>४</td><td>४८३</td></tr>
<tr><td>२</td><td>माध्यमिक तह</td><td>१४</td><td>१३</td><td>८</td><td>१०१६</td></tr>
<tr><td>३</td><td>निम्न माध्यमिक तह</td><td>३०</td><td>२९</td><td>२२</td><td>१६१७</td></tr>
<tr><td>४</td><td>प्राथमिक तह</td><td>९६</td><td>९६</td><td>२९</td><td>२९३९</td></tr>
<tr><td></td><td>जम्मा</td><td>१४४</td><td>१४२</td><td>६३</td><td>६०५५</td></tr>
</table>
अतः शिक्षा ऐन तथा नियमावली लगायत कानूनले व्यवस्था गरे अनुसार विद्यार्थी शिक्षक अनुपात मिलान गरी रिक्त दरवन्दी बमोजिम शिक्षक पदपूर्ति गर्नुपर्दछ ।</td><td></td></tr>
<tr><td>३७.३</td><td></td><td></td><td>कक्षा ८ परिक्षा अनुदानः कार्यक्रम कार्यान्वयन पुस्तिका २०७८।७९ को क्रियाकलाप नं.२.७.१३.३ मा कक्षा ८ को परिक्षा संचालन गर्न प्रति विद्यार्थी रु.२०० मात्र खर्च गर्न मिल्ने उल्लेख छ । पालिकाले कक्षा ८ मा जम्मा विद्यार्थी संख्या ५२७ भएको अवस्थामा प्रति विद्यार्थी रु.२०० का दरले रु.१,०५,४००।- मात्र खर्च गर्न मिल्नेमा जम्मा रु.१,३९,८८०।- खर्च लेखेकोले बढी खर्च लेखेको रु. ३४,४८०।- संघीय संचितकोषमा फिर्ता गर्नुपर्ने रु.</td><td>३४,४८०</td></tr>
<tr><td>३७.४</td><td></td><td></td><td>शिक्षक अनुदानः– स्थानीय सरकार संचालन ऐन, २०७४ ले गाउँपालिकालाई विद्यालयमा दरबन्दी सिर्जना गर्ने तथा शिक्षक नियुक्ती गर्ने अधिकार दिएको देखिदैन । गाउँपालिकामा अवस्थित विभिन्न विद्यालयहरुलाई दरबन्दी बाहिरका विभिन्न शिक्षक,कर्मचारी तथा वालविकास कार्यकर्ता नियुक्त गरी गरी रू १,२४,९२,०१९।- खर्च लेखेको छ । शसर्त अनुदानबाट संघीय सरकारले शिक्षा क्षेत्रको खर्चको भार बहन गरिरहेको अवस्थामा गाउँपालिकाले विकास निर्माण कार्यमा खर्च गर्नुपर्ने राजस्व वाँडफाँडबाट निम्नानुसार लाई रू १,२४,९२,०१९। - खर्च गरेको देखियो । राजस्व वाँडफाँडबाट लेखेको यस्तो खर्च नियम सम्मत नभएको रु.</td><td>१२,४९२,०१९</td></tr>
</table>

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ३७.५ | २१२ | २०७९-३-२४ | **सेनिटरी प्याड खरिद**: आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९(१०) माविल भरपाईको आधारमा लेखा राख्नुपर्ने व्यवस्था छ । पालिकाले ग्रिन कर्णाली ट्रेड एण्ड सप्लायर्स बाट प्रतिथान रु.५९ का दरले २५,३६० थान सेनिटरी प्याड खरिद गरी रु.१६,९०,७५१।२ भुक्तानी गरेकोमा सो सेनिटरी प्याडमध्ये १३,००० वितरण गरी हाल रु. ९,४८,०१२।- को १२,३६० वटा वितरण नगरी जिन्सीमा रहेको देखिएकोले आवश्यक ठाउँमा वितरण गरी सो को प्रमाण पेश गर्नु पर्ने रु. | ९४८,०१२ |
| ३८ | | | **प्रशिक्षण भत्ताः**<br><br>नेपाल सरकार अर्थ मन्त्रालयको कार्य सञ्चालिन निर्देशिका, २०७७ मा तालिम केन्द्र बाहेक अन्य निकायद्वारा सञ्चालित सबै प्रकारका तालिममा स्रोत व्यक्ति तथा प्रशिक्षकको पारिश्रमिक गाउँपालिका स्तरका लागि अधिकृत स्तरीय तालिममा कार्यपत्र वापतको रकम रु १,०००।- तथा कक्षा सञ्चालन वापतको प्रति कक्षा रकम रु.७,००।-तथा सहायक स्तरीय तालिममा कार्यपत्र वापतको प्रति कक्षा रकम रु ७,००।- तथा कक्षा सञ्चालन वापतको प्रति कक्षा रकम रु ६,००।- का दरले दिनुपर्ने व्यवस्था रहेको छ । तर यस गाउँपालिकाले पालिका निम्नानुसारका तालिम कार्यक्रमका लागि तोकिएको नर्मस भन्दा बढी भुक्तानी दिएको रकम सम्बन्धितबाट असुल गर्नुपर्ने रकम रु | १९,८५० |

| भौ नं / मिति | नाम | पद | सेसन | दिएको दर | दिनुपर्ने दर | बढी भुक्तानी रु | कैफियत |
|---|---|---|---|---|---|---|---|
| ३२५।२०७९।३।२२ | मनु कुमारी खड्का | अ न मी | १ | १४०० | ७०० | ४९० | मातृ सुरक्षा चक्की सम्बन्धी कार्यक्रम |
| | हिक्मत बहादुर खत्री | सि अ हे व | १ | १४०० | ७०० | ४९० | |
| | टिकाराम विष्ट | सि अ हे व | १ | १४०० | ७०० | ४९० | |
| | भरतराज खत्री | ज स्वा नि | १ | १४०० | ७०० | ४९० | |
| | मनु कुमारी खड्का | अ न मी | १ | १४०० | ७०० | ४९० | |
| २७०।२०७९।३।१५ | टिकाराम विष्ट | सि अ हे व | ६ | १००० | ७०० | १८०० | महिला स्वास्थ्य स्वयं सेविका कार्यक्रम |
| | भरतराज खत्री | ज स्वा नि | ६ | १००० | ७०० | १८०० | |
| | सर्जन जंग गुरुङ | ज स्वा नि | ६ | १००० | ७०० | १८०० | |
| १५३।१०७८।१२।१५ | टिकाराम विष्ट | सि अ हे व | १० | १००० | ७०० | ३००० | महिला स्वास्थ्य स्वयं सेविका को रेफ्रेसर कार्यक्रम |

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>
<table>
<tr><td></td><td>भरतराज खत्री</td><td>ज स्वा नि</td><td>२०</td><td>१०००</td><td>७००</td><td>६०००</td><td></td></tr>
<tr><td></td><td>बबिन शाही</td><td>हे अ</td><td>१०</td><td>१०००</td><td>७००</td><td>३०००</td><td></td></tr>
<tr><td></td><td>जम्मा रु</td><td></td><td></td><td></td><td></td><td>१९८५०</td><td></td></tr>
</table>
</td><td></td></tr>
<tr><td>३९</td><td></td><td></td><td>औषधी खरिद –<br>सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ८५ को उपनियम १(क) मा बिस लाख रुपैयाँसम्मको औषधिजन्य मालसामान उत्पादकले राष्ट्रिय स्तरको समाचार पत्रमा सूचना प्रकाशन गरी तोकेको बिक्री मूल्यमा सोझै खरिद गर्न सकिने व्यवस्था भए छ । तर स्थानीय तहहरुले उक्त प्रक्रियावेगर रु. २५,११,५९७।- को औषधी सोझै खरिद गरेको छ । यस सम्बन्धी देखिएको व्यहोराहरु निम्नानुसार<br>छनः<br>:<br><ul><li>खरिद गरेका उक्त औषधी कुन औषधी कम्पनीबाट उत्पादन भएको हो र सोको मूल्य राष्ट्रिय पत्रपत्रिकामा प्रकाशन समेत भएको नदेखिएको,</li><li>आपूर्ति हुने औषधी डब्लु.एच.ओ. सटिफइड हुनुपर्ने औषधीको उत्पादन मिति, ब्याच नं र म्याद समाप्त मिति उल्लेख गरी सम्बन्धित विषय विज्ञबाट मुचुल्का उठाई राख्ने नगरेको तथा उक्त औषधी बिक्रीको लागि होइन खुलाएको प्रमाण समावेश नभएको,</li><li>आपूर्ति भएका औषधी एवं सर्जिकल सामान स्टोर दाखिला हुनुअघि स्पेशीफिकेशन अनुसार भए/नभएको नखुलाएको कारण औषधीको गुणस्तर र म्याद सम्बन्धमा यकिन गर्न सकिएन ।</li><li>औषधीको जिन्सी कितावमा आम्दानी बाँध्दा खरिद गरेको र जिल्लाबाट हस्तान्तरण भई आएको खुल्ने गरी व्यवस्थित रुपमा आम्दानी बाँध्ने नगरेको,</li><li>औषधीको खर्च घटाउदा मागफारामको आधारमा घटाउनु पर्ने एकमुष्ट घटाउने गरेको ।</li></ul>तसर्थ औषधीको खरिद, आपूर्ती, दाखिला तथा खर्चको विवरण अद्यावधिक हुने गरी अभिलेख राख्ने, तोकीएको गुणस्तर अनुसारकै औषधी प्राप्त भएको नभएको यकीन गरी हस्तान्तरण तथा खरिद गरिएको औषधीको विवरण खुल्ने गरी अभिलेख राख्ने तथा आर्थिक वर्षको अन्त्यमा बाँकी रहेको औषधीहरु जिम्मेवारी जिन्सी अभिलेख व्यवस्थित गर्नेतर्फ ध्यान दिनुपर्दछ ।</td><td></td></tr>
<tr><td>४०</td><td></td><td></td><td>कृषि तथा पशु</td><td></td></tr>
<tr><td>४०.१</td><td></td><td></td><td>एकल महिला बाख्रा पालन कार्यक्रम: पालिकाले विपन्न एकल महिलालाई १० वटा बाख्रा खरिद गरी रु. ९८,०००।- भुक्तानी गरेकोमा बाख्रामा ट्याग तथा विमा समेत नभएको, किलो प्रमाणित तथा स्वास्थ्य परीक्षण समेत नभएको, लागत सहभागिता समेत न्युन रहेको तथा हाल एकल महिलाको बाख्रापालनको अवस्था को सम्बन्धमा अनुगमन समेत नभएकोले सो अनुदान उपलब्धिमुलक भए नभएको यकिन गर्न नसकिएकोले सो सम्बन्धमा कार्यालयले अनुगमन गरी प्रतिवेदन पेश गर्नु पर्ने देखिएको रु.</td><td>९८,०००</td></tr>
</table>

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ४०.२ | | | **अनुदानको अनुगमन**– सार्वजनिक निकायबाट उपलब्ध गराईएको अनुदानको सही सदुपयोग भए नभएको यकीन गर्न अनुदान उपलब्ध गराउने निकायले समय समयमा अनुगमन गर्नुपर्दछ । पालिकाले कृषि, पशु, शैक्षिक सेवा, सामान खरिदमा तथा विभिन्न सहकारी संस्थालाई बीउपूँजी तथा अनुदानमा खर्च लेखेको छ । तर पालिकाबाट बितरण भएको अनुदानको सहि सदुपयोग भए नभएको सम्बन्धमा अनुगमन तथा सोबाट प्राप्त उपलव्धी मापन गरेको छैन । साथै अनुदान सम्बन्धमा स्थानीय अनुदान नीति तय गरेको छैन । तसर्थ अनुगमनलाई प्रभावकारी बनाई संघ, प्रदेश तथा स्थानीय तहबाट वितरण हुने अनुदानमा दोहोरोपना नहुने गरी अनुदानग्राहीको जीवनस्तरमा सुधार आएको यकिन गरी रकमको पूर्ण सदुपयोग गराउनेतर्फ ध्यान दिनुपर्दछ । | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ४०.३ | | | **विल भरपाई वेगर भुक्तानीः** आर्थिक कार्यविधि तथा वितिय उतरदायित्व नियमावली, २०७७ को नियम ३९( ५) मा सरकारी रकम खर्च गर्दा त्यस्तो खर्च पुष्ट्याइ गर्ने बील भरपाई संलग्न हुनुपर्ने व्यवस्था छ । यसका साथै सोही नियमावलीको ३९ (१०) मा जिम्मेवार व्यक्तिले सरकारी रकमको खर्च लेख्नु अघि त्यस्तो रकम खर्च गर्न वा भुक्तानी दिन आवाश्यक बील, भरपाई, र कागजात संलग्न भए वा नभएको तथा संलग्न कागजात अनुसार भूक्तानी दिन रीत पुगे वा नपुगेको जाँच गर्नुपर्ने कुरा उल्लेख गरेको छ । निम्न उल्लिखित विभिन्न कार्यक्रममा विभिन्न सामाग्रीहरु खरिद गरी वितरण गरेको प्रमाण संलग्न नरहेकोले सम्बन्धितबाट असुल गर्नुपर्ने रु. | ६०,७८० |

| भौ नं / मिति | जिम्मेवार व्यक्ति वा संस्था | विवरण | खरिद परिमाण | दर | वितरण नभएको परिमाण | बढी भुक्तानी रु |
|---|---|---|---|---|---|---|
| ३३३।२०७९।३।२३ | खण्डक खोला ताजा तरकारी समूह | कागती | २००० | ३० | ७१० | २१३०० |
| | | जुनार | १६३४ | ३० | ३४४ | १०३२० |
| २७३।२०७८।१२।४ | कृष्ण बहादुर शाही | तरकारी विउ | २५२ | विभिन्न | १० | २८०० |
| ३००।२०७८।१२।१७ | छवि कुमारी बराल | सनोई | १ | ५५०० | १ | ५५०० |
| | | झ्याली | १ | ४५०० | १ | ४५०० |
| १०।२०७९।३।८ | खण्डक खोला ताजा तरकारी समूह | टमाटर सिर्जना | २५ | ३८० | २ | ७६० |
| | | काउली स्नोक्राउन | २५ | ४५० | २ | ९०० |
| | | करेला पिपल | २५ | २५० | २ | ५०० |
| १५३।२०७८।१२।१५ | टिकाराम विष्ट | स्वास्थ्य सूचना प्रणाली | २९ | ५०० | १४ | ७००० |
| १५३।२०७८।१२।१५ | टिकाराम विष्ट | सोल्जर ब्याग | ११ | २४०० | ३ | ७२०० |
| जम्मा रु | | | | | | ६०७८० |

| | | | | |
|---|---|---|---|---|
| ४१ | | | **सामाजिक सुरक्षातर्फ** | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ४१.१ | | | **सार्वजनिक सुनुवाईः** सामाजिक सुरक्षा भत्ता वितरण कार्यविधि, २०७७ को दफा ३४ बमोजिम वडा समितिले प्रत्येक चौमासिकमा कम्तीमा एक पटक सामाजिक सुरक्षा कार्यक्रम सम्बन्धमा सार्वजनिक सुनुवाई गर्नुपर्ने उल्लेख भएतापनि सार्वजनिक सुनुवाई गरी जनगुनासो सम्बोधन गरेको छैन । कार्यविधिले तोकेको समयमा सार्वजनिक सुनुवाई गर्नुपर्दछ । | |
| ४१.२ | | | **सामाजिक सुरक्षातर्फ बढी निकासाः** सामाजिक सुरक्षा कार्यक्रम सञ्चालन कार्यविधि, २०७७ ले लाभग्राहीको नाम दर्ता र नवीकरण, लगत कट्टा तोकिएको मिति भित्रै परिचयपत्र अनिवार्य रुपमा नवीकरण गरी सामाजिक सुरक्षा भत्ता वितरण गर्नुपर्ने, प्रत्येक बर्ष लगत अद्यावधिक गरी लाभग्राहीको संख्या यकिन गर्नुपर्ने, भत्ता वितरण गर्दा बैंक मार्फत भत्ता वितरण गर्नुपर्ने, सामाजिक सुरक्षा कार्यक्रमलाई प्रभावकारी रुपमा सञ्चलान गर्न नियमित रुपमा अनुगमन गर्नुपर्ने, केन्द्रिकृत सूचना प्रणालीमा प्रविष्टी गरि अद्यावधिक गर्ने जिम्मेवारी सामाजिक सुरक्षाको अख्तियारी पाउने सम्वन्धित स्थानीय निकायको हुने व्यवस्था गरेको छ । यो वर्ष पालिकाले रु. ७,३०,१०,४१५।- निकासा गरेकोमा रु. ७,२९,५७,८०५।- लाभग्राहीको खातामा जम्मा भएको र बाँकी रकम रु. ५२,६१०।- मिति २०७९।३।३१ मा फिर्ता गरेको देखियो । मृत्यु भएमा, बसाई सरी गएमा, एकल वा विधवा महिलाले विवाह गरेमा, बालबालिकाको हकमा पाँच वर्ष उमेर पूरा भएमा, नवीकरण नगरेमा, एक आार्थिक वर्षको कुनै पनि किस्ता रकम नबुझेमा वा बैङ्क मार्फत वितरण भएकोमा लगातार उक्त वर्षसम्म खाता निष्क्रिय भएमा, अयोग्य व्यक्तिले भत्ता प्राप्त गरेको प्रमाणित भएको अवस्थामा लाभग्राहीको नाम सम्बन्धित स्थानीय तहले मूल अभिलेख कट्टा गर्नु पर्ने व्यवस्था छ । तर पालिकाले मूल अभिलेख किताब अद्यावधिक गरेको देखिएन । साथै वडा स्थित कार्यालयले मूल अभिलेख किताब समेत राखेको नपाइएकोले सामाजिक सुरक्षा सम्बन्धी विवरण यकिन हुन सकेन । | |
| ४१.३ | | | **विवरण पेश तथा समिक्षाः** सामाजिक सुरक्षा भत्ता वितरण कार्यविधि, २०७७ को दफा ३१ बमोजिम स्थानिय तहले भत्ता प्राप्त गर्ने व्यक्तिको विवरण नगरसभामा पेश गर्नुपर्ने र सामाजिक सुरक्षा भत्ता कार्यक्रममा भएको निकासा र खर्चको समिक्षा गर्नुपर्नेमा पालिकाले सो गरेको देखिएन । | |
| ४१.४ | | | **पारदर्शिताः** सामाजिक सुरक्षा भत्ता वितरण कार्यविधि, २०७७ को दफा ३२ बमोजिम स्थानिय तहले सामाजिक सुरक्षा प्राप्त गर्ने लाभग्राहीको नाम नामावली सम्बन्धित स्थानिय तहको वेभसाइटमा राख्नुपर्ने र रकम भुक्तानी गरेको तथा बुझि लिने व्यक्तीको नामावली स्थानीय तहका अतिरिक्त सम्बन्धित वडा कार्यालयमा समेत सार्वजनिक गर्ने व्यवस्था छ । स्थानिय तहले सामाजिक सुरक्षा भत्ता प्राप्त गर्ने लाभग्राहीको विवरण वेभसाइटमा सार्वजनिक गरेको छैन । | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ४२ | | | **छोरी सुरक्षा कार्यक्रमः**<br>बैंक खाता छोरीको सुरक्षा जीवन भरिको कार्यक्रम सञ्चालन कार्यविधि, २०७६ को दफा ४ मा वि. सं. २०७६ श्रावण १ गते वा सो भन्दा पछि जन्मिएका कर्णाली प्रदेश भित्रका छोरीलाई प्रदेश सरकारले निज छोरी २० वर्षको हुँदा सम्म जन्मेको पहिलो महिनाको रु. १,०००।- र त्यसपछि मासिक रु. ५०० का दरले बैंक खातामा रकम जम्मा गरिदिने व्यवस्था छ । त्यसै गरी कार्यक्रममा सहभागी छोरीले माध्यमिक तहसम्मको अध्ययन पूरा नगरेमा वा अध्ययन विचैमा छोडेमा, २० वर्ष नपुग्दै विवाह गरेमा सो रकम उपलब्ध नगराउने समेत उल्लेख भएबाट पालिकाले रकम बैंकखातामा जम्मा गर्नु अघि ती छोरीहरुको स्थिति, अवस्थाका बारेमा स्पष्ट हुनु जरुरी छ । प्रति छोरीको २० वर्षसम्म अभिलेख अद्यावधिक गर्नुपर्ने र प्रत्येक वर्ष जन्मेका थप छोरीको समेत अभिलेख अद्यावधिक गर्दै जानुपर्ने, अनुगमन संयन्त्र बनाउनु पर्नेमा पालिकामा ५४८ छोरीको दर्ता किताब मात्र तयार गरी बैंकमा रु. १९ लाख ९६ हजार रकम पठाएको हुँदा वर्षहरुमा थप हुँदै जानेको संख्या समेत अभिलेख तयार गर्ने तर्फ ध्यानाकर्षण हुनुजरुरी देखिन्छ । साथै यो वर्ष रु २ लाख ६९ हजार अपुग देखिन्छ । | |
| ४३ | | | **प्रधानमन्त्री रोजगार कार्यक्रम –**<br>स्थानीय तहमा सूचीकृत बेरोजगार व्यक्तिलाई न्यूनतम रोजगारी प्रत्याभूत गराउन एवम् सामूदायिक पूर्वाधारहरुको विकास मार्फत नागरिकको जीवनयापनमा सुधार ल्याउने उद्देश्यले स्थानीयतह भित्र प्रधानमन्त्री रोजगार कार्यक्रम सञ्चालनमा रहेको छ । प्रधानमन्त्री रोजगार कार्यक्रम संचालन निर्देशिका, २०७५ को दफा २(१) बमोजिम नगरपालिकाले बेरोजगारको तथ्याङ्क अद्यावधिक गरेर, सुचीमा समावेश भएकाहरुलाई प्राथमिकिकरण गरी प्राथमिकताक्रम अनुसार, कामका लागि रोजगार कार्यक्रममा संलग्न गराई रोजगारी दिनुपर्ने व्यवस्था रहेकोमा, कार्यालयले बेरोजगारको सूचिमा समावेशलाई प्राथमिकिकरण गरेको छैन । कामका लागी रोजगार कार्यक्रम कार्यान्वियनका लागि निर्देशिकामा उल्लेखित व्यवस्थाहरुको पालना नगरी योजनाको पूर्वाधार एवम् अन्य विकास निर्माणका लागि अधिकांश योजना छनौट नभई, अनुत्पादनमुलक कार्य गराउने गरी योजना छनौट भएका छन् । साथै श्रमिकको संख्या पनि अत्याधिक रहेकोले कार्यक्रमको उद्देश्य अनुरुप लक्ष्य हाँसिल गर्ने गरी कार्यान्वियन भएको पाईएन । यस कार्यक्रम अन्तर्गत स्थानीय तहभित्रका वडाहरुमा सडक नाला, मोटर बाटो, इनार, प्रतिक्षालय निर्माण कार्य लगायतका कार्यक्रम सञ्चालन गरी यस वर्ष ६५१ जनालाई रोजगारी उपलव्ध गराई रु. २ करोड ९४ लाख १६ हजार १ सय ६९ रुपैयाँ खर्च गरेको छ । लक्षित वर्गलाई ५० देखि ११५ दिनसम्म रोजगारी उपलब्ध गराई श्रमिक ज्याला, प्रशासनिक र कार्यक्रम खर्च समेत खर्च लेखेका छन् । उक्त खर्चवाट लक्षित वर्गमा अल्पकालीन रोजगारी सृजना भए तापनि कामको दीगोपना तथा दीर्घकालीन रोजगारी सृर्जना भएको देखिंदैन । | |

| वडा नं | कार्यक्रम/योजना संचालन | रोजगार संख्या | कुल खर्च रकम | तलबमा खर्च भएको रकम |
|---|---|---|---|---|
| १-७ | ३३ | ६५१ | २९४१६१६९ | ९७१००० |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ४४ | | | **मेडपा कार्यक्रमः**<br>गरिवी निवारणको लागि लघु उद्यम विकास कार्यक्रम सञ्चालन निर्देशिका, २०७७ को दफा ४१ (३) मा उद्यमीलाई प्रदान गरिने प्रविधिको कुल रकममा कार्यालयले प्रविधि प्राप्त गर्ने उद्यमीबाट आपूर्तकर्ताले कबोल गरेको कुल अंकको कम्तीमा बीस प्रतिशत रकम जम्मा गर्न लगाई बढीमा असी प्रतिशत रकममात्र कार्यालयले आपूर्तिकर्तालाई भुक्तानी गर्नुपर्ने व्यवस्था छ । कार्यालयले रु. १,३२,०००।- को मौरी घार खरिद गरी लेखवेशी लघुउद्यमी समूहलाई प्रविधि स्वरुप उपलब्ध गराएको छ । यसरी खरिद गर्दा सामानको कुल अंकको शत प्रतिशत नै पेश्की लिने कर्मचारीले आपूर्तिकर्तालाई भुक्तानी दिएको देखिएकोले उक्त मेशिनको मूल्यको २० प्रतिशत रकम सम्बन्धितबाट असुल गर्नुपर्ने रु. | २६,४०० |
| ४५ | | | **कन्टीन्जेन्सी**<br>सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १०(७) अनुसार लागत अनुमान तयार गर्दा लागत अनुमानको ५ प्रतिशतमा नबढ्ने गरी कन्टिन्जेन्सी खर्च समावेस गर्न सकिने र नेपाल सरकार अर्थ मन्त्रालयको मिति २०७०।१।१५ को निर्णयअनुसार खर्च गर्दा पूँजीगत प्रकृतिको २ प्रतिशत र अन्य सानातिना खर्च २ प्रतिशतभन्दा नबढ्ने गरी खर्च गर्न सकिने ब्यवस्था गरेको छ । कार्यालयबाट योजना कार्यान्वियन गर्ने क्रममा प्रत्येक कार्यक्रम खर्चबाट २ प्रतिशत का दरले बिलबाट यस्तो रकम कट्टी गर्ने गरेको छ । कार्यालयले आ.व २०७८/७९ मा कन्टीन्जेन्सी बापत रु.२७ लाख २५ हजार कट्टी गरेको छ । यसरी कट्टी गरेको रकमको कार्यक्रमगत कन्टिन्जेन्सी खर्चको अभिलेख खडा गरी राख्नु पर्नेमा राख्ने गरेको छैन । | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ४६ | | | **विपद् व्यवस्थापन**<br><br>• समिति गठन- विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन, २०७४ को दफा १७(१) मा प्रत्येक स्थानीय तहले अध्यक्ष तथा प्रमुखको अध्यक्षतामा बढीमा १५ जना सदस्य रहेको स्थानीय विपद् व्यवस्थापन समिति गठन गर्नुपर्ने व्यवस्था छ । पालिकाले ऐनमा तोकिए बमोजिमको समिति गठन गरेको भएतापनि बैठक बस्ने बाहेक अन्य कार्य गरेको पाइएन । ऐनमा तोकिए बमोजिम समिति गठन गरी तोकिएको काम, कर्तव्य र अधिकारमा सक्रिय बनाउनुपर्दछ ।<br><br>• कार्य योजना - विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन, २०७४ को दफा १७(२) तथा विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन नियमावली, २०७९ को नियम (८) मा स्थानीय विपद् व्यवस्थापन समितिको काम, कर्तव्य र अधिकारमा परिषद्/कार्यकारी/प्रदेश विपद् व्यवस्थापन कार्यकारी समितिबाट स्वीकृत एकीकृत क्षेत्रगत नीति तथा कार्यक्रम अनुरुप हुने गरी स्थानीय विपद् व्यवस्थापन योजना तर्जुमा गरी कार्यान्वियन गर्ने, बजेट विनियोजन गर्न लगाउने, सबै पक्षको समन्वय र संलग्न गराउने, विपद् पूर्व तयारी तथा प्रतिकार्य समिति गठन गर्ने, प्रभावित क्षेत्रमा उद्दार र राहत व्यवस्था गर्ने, ऐन बमोजिम कार्य गरे/नगरेको अनुगमन गर्ने, विपद् सूचना प्रणाली विकास र सञ्चालन, तथ्याङ्क अद्यावधिक गर्ने, विपद् घरपरिवारको पहिचान गर्ने, कर्मचारी क्षमता अभिवृद्धिको व्यवस्था र कार्यक्रम सहितको कार्ययोजना तयारी गरी लागू गर्ने/गराउन सम्बन्धी व्यवस्था छ । पालिकाले ऐन तथा नियमावलीमा तोकिएका कार्यहरू गरेको पाइएन । ऐन तथा नियमावलीको पालना गर्नु/गराउनु पर्दछ ।<br><br>• विपद् व्यवस्थापन कोष – विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन, २०७४ को दफा २३(१४) मा विपद् व्यवस्थापनको लागि प्रत्येक स्थानीय तहमा विपद् व्यवस्थापन कोष रहने र कोषमा रहने रकम तथा कोषको सञ्चालन सम्बन्धी व्यवस्था सम्बन्धित स्थानीय तहले बनाएको नियममा तोकिए बमोजिम हुने व्यवस्था छ । यस पालिकामा विपद व्यवस्थापन कोषमा रु. २०,००,०००।- आम्दानी बाँधेकोमा रु. २०,००,०००।- खर्च भएको देखिन्छ ।<br><br>• वार्षिक प्रतिवेदन – विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन, २०७४ को दफा ४५ मा स्थानीय विपद् व्यवस्थापन समितिले प्रत्येक आर्थिक वर्षमा गरेको कामको विवरण सहितको वार्षिक प्रतिवेदन तयार गरी जिल्ला विपद् व्यवस्थापन समिति तथा प्रदेश विपद् व्यवस्थापन कार्यकारी समिति समक्ष पेस गर्नुपर्ने व्यवस्था छ । पालिकाले कामको विवरण सहितको वार्षिक प्रतिवेदन तयार गरी सम्बन्धित समितिमा पेश गरेको पाइएन । ऐनमा भएको व्यवस्थाको पालना हुनुपर्दछ । | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ४७ | | | **विद्युत विस्तार:**<br>सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ११७ मा सार्वजनिक निकायले सम्झौता बमोजिम सम्पन्न भएको निर्माण कार्य, आपूर्ति गरिएको मालसामान वा प्रदान गरिएको सेवा स्वीकार गर्दा सोको प्रतिवेदन तयार गर्नुपर्ने उल्लेख छ । पालिकाले विद्युत प्राधिकरण दैलेखले पठाएको स्टिमेटको आधारमा निम्नानुसार रु.२६,१३,१५१।- भुक्तानी गरेकोमा सो रकम बाट के कस्तो काम भयो सो खुल्ने गरीको कार्यसम्पन्न पेश गर्नुपर्ने देखिएको रु. | २,६१३,१५१ |

| क्र.सं. | भौ.नं. मिति | विवरण | भुक्तानी |
|---|---|---|---|
| १ | १७०-२०७८।१२।१३ | नेपाल विद्युत प्राधिकरण | ४५१७५१ |
| २ | २९-२०७८।९।२७ | टि ओ डि मिटर | २१६१४०० |
| | जम्मा | | २६१३१५१ |

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td>४८</td><td></td><td></td><td>
अनुगमन तथा सम्परीक्षण<br>
स्थानीय सरकार सञ्चालन ऐन,२०७४ को दफा ८४ मा बेरुजू फछ्र्यौट गर्ने व्यवस्था रहेको छ ।सोही एनको दफा ८४(२)(घ) मा बेरुजू फछ्र्यौट गर्ने गराउने काम कर्तव्य प्रमुख प्रशासकीय अधिकृतको हुने व्यवस्था छ । यो वर्ष पालिकाले सम्परीक्षणका लागि पेश गरेको निम्नानुसारको बरुजु संपरीक्षण गरिएको छ ।
<table>
<tr><th>आर्थिक वर्ष</th><th>दफा नं.</th><th>व्यहोरा</th><th>रकम</th></tr>
<tr><td>२०७५।०७६</td><td>७०</td><td>ग्रामीण सामुदायिक विद्युतीकरण विभागको पेश्की फस्यौंट</td><td>१००७५१७४.०६</td></tr>
<tr><td>२०७५।०७६</td><td>७०</td><td>मालिका मन्दिर धर्मशाला निर्माण उपभोक्ता समितिको पेश्की फस्यौंट</td><td>२२१७६०</td></tr>
<tr><td>२०७६।०७७</td><td>६१</td><td>स्यानीटरी प्याड वितरणको भरपाई पेश</td><td>२९१८४०</td></tr>
<tr><td>२०७६।०७७</td><td>७७</td><td>तालिम कार्यक्रममा निर्देशिका विपरित बढी भुक्तानी भएको सम्बन्धमा</td><td>१७८५०</td></tr>
<tr><td></td><td></td><td>जम्मा</td><td>१०६०६६२४.०६</td></tr>
</table>
यो वर्षको लेखापरीक्षणको क्रममा भई सम्परीक्षण भई गत बर्षसम्मको बाँकी बेरुजु निम्नानुसार रहेको छ ।<br>
रकम रु हजारमा
<table>
<tr><th>गत वर्षसम्मको बेरुजू (A)</th><th>यो वर्ष संपरीक्षण गरिएको बेरुजू (B)</th><th>गत बर्षसम्मको बाँकी बेरुजू (C=A-B)</th></tr>
<tr><td>९९५७४</td><td>१०६०६</td><td>८८९६८</td></tr>
</table>
</td><td></td></tr>
<tr><td>४९</td><td></td><td></td><td>
अद्यावधिक वेरुजु<br>
यस पालिकाको २०७८।७९ सम्मको फछ्यौट गर्न बाँकी बेरुजुको स्थिति देहायअनुसार रहेको छ
<table>
<tr><th>गत वर्षसम्मको बाँकी बेरुजू (A)</th><th>यो वर्ष संपरीक्षण गरिएको बेरुजू(B)</th><th>यो वर्ष कायम बेरुजू(C)</th><th>संपरीक्षणबाट कायम बेरुजू(D)</th><th>अध्याविधक बाँकी बेरुजू (E=A-B+C+D)</th></tr>
<tr><td>९९५७४</td><td>१०६०६</td><td>४७१६३</td><td>0</td><td>१३६१३१</td></tr>
</table>
</td><td></td></tr>
</table>